**आगलागीबाट सावधानी अपनाऔं**
निम्न कारणबाट आगलागी हुन सक्छ,
- आगोको प्रयोगमा होशियारी नअपनाउँदा।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरीबतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
- चटघाङ पर्दा तथा बिजुलीको तार सर्ट हुँदा।
त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत २६ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 09 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२१

## एसइईमा पर्साबाट ९ हजार १५५ जना विद्यार्थी सहभागी हुने

प्रस, वीरगंज, २५ चैत/

वैशाख ९ गतेदेखि हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)को लागि पर्साका २५ वटा परीक्षा केन्द्रमा ९ हजार १५५ जना विद्यार्थी सहभागी हुने पर्सा शिक्षा समितिले जनाएको छ।


गत वर्ष कोरोना कालमा परीक्षा दिंदै  विद्यार्थी। तस्वीरः फाइल

जिएचपी माविमा प्राविधिक धार र एक्जाम्टेड ग्रेड वृद्धिका ३४७ जना विद्यार्थीले परीक्षा दिने समितिले जनाएको छ।

जिल्ला शिक्षा समन्वय अधिकारीले दिएको जानकारी अनुसार त्रिजुद्ध मावि परीक्षा केन्द्रमा माईस्थान, प्रज्ञा एकेडेमी, न्यू वेभ एकेडेमी, चिल्ड्रेन वर्ल्ड, मनकामना माविका ५६५ जना विद्यार्थीको केन्द्र तोकिएको छ।

कन्या मावि परीक्षा केन्द्रमा माउन्ट एडमन्ड, चिल्ड्रेन, होलील्यान्ड, नगवा, मूनलाइट, गौतम, शुभतारा, विकेन माविका ३६२ जना विद्यार्थीको केन्द्र हुनेछ।

यसैगरी, त्रिभुवन हनुमान माविको परीक्षा केन्द्रमा त्रिजुद्ध, लिटिल एन्जल्स, एमइएस, सेन्ट जेभियर्सका ४१० जना विद्यार्थी सहभागी हुनेछन्। नगवा माविको परीक्षा केन्द्रमा युनाइटेड, पिसजोन, त्रिभुवन हनुमान, सिटी स्कूलका ३३९ जना विद्यार्थीको केन्द्र तोकिएको छ।

यसैगरी, माईस्थान विद्यापीठ मावि परीक्षा केन्द्रमा गोल्डेन फ्युचर, जीवनज्योति, मेरीगोल्ड, कन्या मावि खुलातर्फ, ज्ञान सरोबर, विद्यासदन, सनलाइटका ४०१ जना विद्यार्थी सहभागी हुनेछन्।

पन्नालाल मावि परीक्षा केन्द्रमा विद्यासागर, कञ्चनजङ्घा, आदर्श, ज्ञानज्योति, रेलवे, सेन्ट जोन्स, ज्ञानदा, माउन्ट स्टार, आइडियल, वीरगंज पब्लिक, ज्ञानोदयका ३३२ जना विद्यार्थीको केन्द्र तोकिएको छ।

रेलवे मावि परीक्षा केन्द्रमा मिनिल्यान्ड, सालोम, ग्रीनल्यान्ड, बाबा, नेरामावि श्रीपुर, सुरजी देवी, मदरल्यान्ड, सगरमाथाका ४४४ जना विद्यार्थी सहभागी हुनेछन्। सुरजी मावि परीक्षा केन्द्रमा नृसिंह, युनिभर्सल, ओसिस, ओम नेशनल, पशुपति, ममता शिक्षा मन्दिरका ३७८ जना विद्यार्थी सहभागी हुनेछन्।

नेरामावि श्रीपुरमा पन्नालाल, पशुपति, बाल एकता, हरि खेतान, सिद्धार्थ, नेशनल, जिएचपी, द्वारदेवी, हिमालयन, सेसमी, मालिनी, माउन्ट हर्मन, डल्फिन एकेडेमी, वीरगंज सेन्ट्रल, गोल्डेन गेटका ४२५ जना विद्यार्थीको केन्द्र परेको छ।

सिद्धार्थ मावि परीक्षा केन्द्रमा डिएभी, वीरगंज एकेडेमी, ज्ञानवाटिका, गीता गजेन्द्र, कादम्बरी, होली एन्जल्स, ग्रेस, एन्जल, मास्कोट, मोडर्न, तौहिदल इस्लाम, माउन्ट मकालु, भवानीपुर, ज्ञानसागर एकेडेमीका ५०४ जना विद्यार्थी सहभागी हुनेछन्।

नृसिंह मावि परीक्षा केन्द्रमा सिद्धार्थ, ट्रिनिटी, अल्पाइन, साउथजोन, लक्ष्मी, गुरुकुल, लिटिल फ्लावरका ५१४ जना विद्यार्थी सहभागी हुनेछन्।

द्वारदेवी अलौंको परीक्षा केन्द्रमा राधाकृष्ण बहुअर्वाभाठा, शारदा, गोल्डेन, वाटिका, सन्नी एकेडेमीका ३०६ जना विद्यार्थी सहभागी हुनेछन्।

सोलखपुर माविको परीक्षा केन्द्रमा बर्वाछटैली, जनता मावि, रेन्बो, ज्योति सदनका २५१ जना विद्यार्थी सहभागी हुनेछन्।

नेरामावि बर्वाछटैली पर्सागढी परीक्षा केन्द्रमा मप्र उपाध्याय मावि बगही, नेरामावि सोलखपुर, नेरामावि बडेर्वा, भूपू सैनिक, आमोदेवी, बिरुवागुठी माविका ३०४ जना विद्यार्थी सहभागी हुनेछन्।

नेरामावि बडेर्वा परीक्षा केन्द्रमा दीपनारायण मावि, नेरामावि रङ्गपुरटाँडी, सिरही सथवल माविका २४१ जना विद्यार्थी सहभागी हुनेछन्।

दीपनारायण मावि औराहा सखुवाप्रसौनी परीक्षा केन्द्रमा बितो मावि जीतपुर, नेरामावि सुगौली दापु, नेरामावि डोकैला बहुअरी, नेरामावि देउरवानाका ४०२ जना विद्यार्थी सहभागी हुनेछन्।

राधाकृष्ण चौरसिया मावि बहुअर्वाभाठामा राराचौ मावि झौवागुठी, देवरञ्जन देवराज मावि रामनगरी, मुखदेव सुशीला मावि रामनगरी, नेरामावि गर्दौलाका ३४९ जना विद्यार्थी सहभागी हुनेछन्।

नेरामावि मसिहानी जगरनाथपुर परीक्षा केन्द्रमा नेरामावि निचुटा, उच्चाङ्गल मावि पोखरिया, नेरामावि सन्ठीका २७२ जना विद्यार्थी सहभागी हुनेछन्। जिल्ला उच्चाङ्गल मावि पोखरियाको परीक्षा केन्द्रमा नेरामावि मसिहानी, रामचरित्र भगत मावि पकाहामैनपुर, महुवनी पद्म मावि रानीगंजका ३६४ जना विद्यार्थीहरू सहभागी हुनेछन्।

रामचरित्र भगत मावि पकाहामैनपुरको परीक्षा केन्द्रमा दिव्य कन्या मावि विरञ्चीबर्वा, मङ्गल मावि भिस्वा, सुकइ मावि भेडिहारी, नेरामावि कटीबलुवा, जनता मावि मुडलीका ३४१ जना विद्यार्थी सहभागी हुनेछन्।

मङ्गल मावि भिस्वा परीक्षा केन्द्रमा नवगावाँ मावि चेरगाहा, नेरामावि भिखमपुर, कालीप्रसाद लाखे मावि, अजिज मियाँ माविका ३९५ जना विद्यार्थी सहभागी हुनेछन्। बितो महतो जनता मावि जीतपुर परीक्षा केन्द्रमा मावि विजयबस्ती ठोरी, नेरामावि सेढवा, ज्ञानवाटिका मावि सुवर्णपुरका २१२ जना विद्यार्थी सहभागी हुनेछन्।

विजयबस्ती ठोरीको परीक्षा केन्द्रमा सरस्वती मावि ठोरी, नेरामावि ओडार, नेरामावि दीपकनगर, ज्ञानज्योति मावि घ्याङडाँडाका २१६ जना विद्यार्थी सहभागी हुनेछन्। देवनन्दन देवराज मावि रामनगरी परीक्षा केन्द्रमा महावीर साह मावि नगरदाहा, नेरामावि महुवन, भङ्गी साह मावि विश्रामपुर, सीताराम महतो मावि भौराटारका ३६१ जना विद्यार्थीको केन्द्र तोकिएको छ।

## वीरगंज हेल्थकेयरमा स्वास्थ्य बीमा कार्यक्रम शुभारम्भ

प्रस, वीरगंज, २५ चैत/

वीरगंज महानगर-१४ गण्डक महासङ्घ मधेस प्रदेशका महासचिव श्याम बन्जाराले स्वास्थ्य बीमा गराएर


तस्वीरः प्रतीक

बहुअरीस्थित वीरगंज हेल्थकेयर अस्पतालमा शुक्रवारदेखि स्वास्थ्य बीमा कार्यक्रम शुभारम्भ भएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बीमा कार्यक्रमको उद्घाटन गरे। कार्यक्रममा उनले बीमा कार्यक्रमको विशेषता र महत्त्वका बारेमा खासगरी ग्रामीण भेगका जनतालाई जानकारी र जनचेतना नभएको कारण उनीहरू यो कार्यक्रमबाट टाढा रहेको चर्चा गरे। उनले वीरगंजको नारायणी अस्पताल, नेशनल मेडिकल कलेजसँगै वीरगंज हेल्थकेयरमा शुरू भएको यो सेवाले गर्दा धेरैभन्दा धेरै जनताले लाभ लिन सक्ने जानकारी गराए।

"बीमा कार्यक्रम एकदमै राम्रो कार्यक्रम हो, यसबाट धनी–गरीब सबैले सहज सुलभ उपचार सेवा पाउँछन्," उनले भने, "हेल्थकेयर अस्पताल विगत लामो समयदेखि चक्रवात र कोरोना महामारीमा पनि प्रभावकारी सेवा दिने अस्पताल भएकोले यो अस्पतालबाट बीमा कार्यक्रमका लक्षित समूहलाई सहज र प्रभावकारी सेवा दिइने मलाई विश्वास छ।"

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहानले समाजलाई जति जानकारी हुनुपर्ने हो, त्यति नभएको कारण बीमा कार्यक्रमबाट अधिकांश सर्वसाधारणले लाभ लिन नसकेको बताए। पनि उपचार सेवा नपाएका धेरै बिरामीको गुनासो रहेको र यसको प्रभावकारी कार्यान्वयनमा तलदेखि माथिल्लो निकायका सबै सरोकारवाला निकायले पहल गर्नुपर्नेमा जोड दिए। उनले बीमा गराएकाले औषधि नपाएको, सम्बन्धित चिकित्सकसँग उपचार नपाएकोजस्ता गुनासा सुनिंदै आएकामा त्यस्तो गुनासो यस अस्पतालबाट नसुनियोस् र अस्पताल व्यवस्थापन पक्षलाई प्रतिबद्धताका साथ सेवा सञ्चालन गर्न आग्रह गरे।

बीमा बोर्ड वीरगंज शाखाका हरिश पन्तले बीमा कार्यक्रमका विभिन्न आयामबारे जानकारी गराएका थिए भने कार्यक्रमको अध्यक्षता अस्पतालका अध्यक्ष डा अबुलहैस अन्सारीले गरेका थिए।

पत्रकार राधेश्याम पटेलको सहजीकरणमा सम्पन्न कार्यक्रममा पर्साका सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, बीमा बोर्ड वीरगंज कार्यालयकी प्रमुख रेखा गौतम, नारायणी अस्पतालका निमित्त मेसु डा उदयनारायण सिंह, डा दीलिप चौरसिया, डा आरके सिंहलगायत सञ्चारकर्मीहरूको सहभागिता थियो।

कार्यक्रममा अस्पतालकी प्रमुख प्रशासकीय अधिकृत भूमिका अधिकारीले स्वागत मन्तव्य दिंदै अस्पतालले विगतदेखि हालसम्म दिंदै आएका सेवासम्बन्धी जानकारी गराएकी थिइन्।

## प्रचारप्रसारको कमीले स्वास्थ्य बीमा प्रभावकारी भएन

प्रस, रौतहट, २५ चैत/

स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचका लागि स्वास्थ्य बीमा भन्ने नाराका साथ छैटौं स्वास्थ्य बीमा दिवस–२०७८ शुक्रवार मनाइएको छ।



तस्वीरः प्रतीक

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति, रौतहटका सभापति रामएकबालराय यादवले प्रचारप्रसारको कमीको कारण स्वास्थ्य बीमा प्रभावकारी हुन नसकेको बताए। उनले बीमाकर्ताको कमीकमजोरी रहेको बताउँदै स्वास्थ्य बीमाबारे व्यापक प्रचारप्रसार गर्न सुझाव दिए। स्वास्थ्य बीमाबारे आफूलाई समेत थाहा नभएकोले आम जनताले कसरी थाहा पाउँछ भन्दै उनले प्रश्न गरे। साढे तीन हजार रुपैयाँमा परिवारका पाँचजना सदस्यले एक लाख रुपैयाँसम्मको उपचार पाउने व्यवस्था भएपनि बीमा गराउनेको सङ्ख्या न्यून हुनु बीमाकर्ता र बीमा बोर्डको कमीकमजोरी रहेको उनले बताए।

रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रमुख सुरेशराय यादव, जिल्ला अस्पतालका प्रमुख डा कृष्ण साह, नेपाल पत्रकार महासङ्घ, रौतहटका अध्यक्ष प्रेमचन्द्र झा, कामेश्वरी सहनी, डा प्रमोद ठाकुरलगायतले स्वास्थ्य बीमाबारे जानकारी गराएका थिए।

### छोटकरी

## नगरप्रमुख एमालेमा प्रवेश

प्रस, रौतहट, २५ चैत/


राजपुर नगरपालिकाका प्रमुख मोहम्मद साकिल अख्तर शुक्रवार नेपाली काङ्ग्रेस परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेका छन्।

एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोट पुगेर नगरप्रमुख अख्तरसहित दुईजना वडाध्यक्ष एमालेमा प्रवेश गरेका हुन्।

नगरप्रमुखसँगै वडा नं ३ र ९ का अध्यक्ष पनि एमालेमा प्रवेश गरेका हुन्।

## बारको मधेस प्रदेशको उपाध्यक्षमा कर्ण

प्रस, वीरगंज, २५ चैत/



नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको २६औं अधिवेशनले वीरगंजका सुधीर कर्णलाई मधेस प्रदेशको उपाध्यक्षमा सर्वाधिक मतले निर्वाचित गरेको छ।

बिहीवार भएको मतगणना अनुसार अध्यक्ष पदका उम्मेदवार गोपालकृष्ण घिमिरेले चार हजार ४७४ मत ल्याइ विजयी भए भने मधेस प्रदेशका निर्वाचित उपाध्यक्ष कर्णले चार हजार ५०५ मत ल्याएका थिए।

**हार्दिक निमन्त्रण**
**श्री रामनवमी तथा वार्षिकोत्सव-२०७८**
**१० अप्रिल २०२२**

**२७ चैत आइतवार**
**समय**ः बिहान ६ बजेदेखि कीर्तन गरिनेछ, ८:०० बजेदेखि श्रीराम कथा, ८:४५ बजेदेखि पञ्चामृत अभिषेक, १० बजेदेखि प्रसाद वितरण
विशेष पञ्चामृत अभिषेकको लागि सम्पर्क गर्नुहोस्ः ९८४५२१५०६६
**स्थान**ः श्री सत्यनारायण मन्दिर, वीरगंज

## विचारसार र सूक्तिहरू

शरीर र गुणमा ठूलो अन्तर हुन्छ। शरीर क्षणभङ्गुर हो तर गुण कल्पान्तसम्म रहिरहन्छ।

– चाणक्य


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# वनविनाश रोकौं

पर्सा जिल्लामा रहेको वन क्षेत्र बर्सेनि कम हुँदैछ । तस्करहरूले वन मास्ने कार्यलाई निरन्तरता दिएको र वनको संरक्षणको जिम्मेवारी बोकेकाहरूबाट इमानदारिताका साथ कर्तव्य निर्वाह नहुँदा वनक्षेत्र बर्सेनि खुम्चिँदै छ । पर्सा जिल्लामा दैनिकजसो वन फँडानी गरी गोलिया तस्करीको क्रममा तस्करहरू समातिन थालेका घटनाले पनि वन कतिको सुरक्षित छ भन्ने कुरा उजागर गर्छ। वनको सुरक्षा गर्ने काम वन कार्यालयको हो। पर्सामा राष्ट्रिय वनको सुरक्षा वन कार्यालयले र पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रको वनको सुरक्षा नेपाली सेनाले गर्दै आएको छ। केही वर्षदेखि वन सुरक्षित बनाउनका लागि समुदायलाई पनि संलग्न गराइएको छ। वन उपभोक्ता समितिमार्फत पनि वनको सुरक्षा हुँदैछ। समुदायको संलग्नता भएको खण्डमा वन मासिने क्रम कम हुन्छ भन्ने अवधारणाले वन उपभोक्ता समिति करीब दुई दशकअघिदेखि क्रियाशील छ । वन उपभोक्ता समितिको गठनपछि पनि आशाप्रदरूपमा वन मासिन क्रम कम भएको छैन ।

लकडाउनमा त पर्सामा विद्यार्थीहरू नै वन मास्न सक्रिय देखिए । विद्यालय पोशाकमा साइकल बोकेर विद्यार्थीहरू जलावन र घरायसी प्रयोगका लागि वन मास्ने गरेका थिए। विद्यालय बन्द भएको र घरमा किचकिच नहोस् भनेर उनीहरू एकाबिहानै साइकल बोकेर वनमा पस्ने र साना, ठूला वृक्ष मास्ने गरेका थिए । यसो गर्नुको अर्थ उनीहरू जानाजान वन मास्न उद्त भएका भने होइनन् । लकडाउनमा दिनभरि घरबाहिर बसेर खेल्दा अभिभावकहरूले गाली गर्ने हुँदा उनीहरू वन पस्ने र घरायसी प्रयोगका लागि जलावन, वस्तुभाउका लागि घाँसपातको व्यवस्था गरेर अभिभावकहरूको मन जित्थे । अहिले अवस्था फेरिएको छ। विद्यालय सञ्चालनमा छन् र विद्यार्थीहरू वन पसेका छैनन् । यसो भन्दैमा पर्साको वन जोगिएको भने छैन । विद्यार्थीहरूबाट वृक्षरोपण गरिएका क्षेत्र प्रभावित भएको थियो । साना वृक्ष हुर्कनुअगावै मासिए। वृक्षरोपण गरिएको क्षेत्रमा तस्करहरूले रूख कटान गर्दा साना रूखहरू हुर्कन पाएनन् । जङ्गल क्षेत्रसँग जोडिएका बस्तीहरूबाट वन कहिले पनि सुरक्षित रहेन। बस्ती बढेपछि खेतीपातीका क्षेत्र बढने भएकोले वनक्षेत्र घटने नै भयो। वनक्षेत्र बढाउनका लागि योजनाबद्ध काम हुनुपर्छ । जुन यहाँ हुन सकेको छैन ।

वन जोगाउने हो भने यससम्बन्धी कानूनमा पनि कडाइ गर्न जरुरी छ। वनसम्बन्धी पुराना कानून विद्यमान रहेकाले तस्करहरूले कमजोर कानूनको फाइदा उठाएर निर्धक्कले वन मास्ने गरेका छन्। विद्यमान कानूनबमोजिम कारबाही गर्न पनि वन कर्मचारीले इमानदारिता नदेखाउँदा तस्करहरूको मनोबल बढ्न गएकोले वन असुरक्षित भएको हो । वन कार्यालयसँग पर्साको वनको नक्शा होला नै। बर्सेनि घट्दो वनक्षेत्रको तथ्याङ्क पनि होला। वन घट्नुको कारण पनि थाहा होला । वनक्षेत्र घट्न नदिने उपायहरू पनि होलान् । तर वनक्षेत्र यथावत् राख्ने वा वृद्धि गर्नेतर्फ पनि प्रयास गरिएको छैन। जसले गर्दा वनक्षेत्र साँघुरिँदै गएको छ, यसतर्फ सम्बन्धित पक्षले बेलैमा ध्यान दिन जरुरी

# बुर्जुवा संस्कृतिले थिचिएका कम्युनिस्ट पार्टीहरू

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

> वास्तवमा समानताको यात्रामा हिंडेको कम्युनिस्टहरू आफ्नै पार्टीभित्र असमानता पैदा गरेर गैरमार्क्सवादी चरित्रको प्रचारप्रसार र व्यवहारहरू सारमा भ्रष्टीकरणको शिकार हुनुका साथै मार्क्सवादी चेतभन्दा पनि अध्यात्मवादी चेततर्फ नै केन्द्रित भएको देखिन्छ।

भनिन्छ, आवश्यकता नै आविष्कारको जननी हो। मानव समाजले विकासको क्रममा जङ्गलीयुग (आदिम साम्यवाद), दास युग, सामन्ती युग हुँदै जब पूँजीवादी युगमा प्रवेश गर्‍यो, त्यति बेला पूँजीवादी युगको विकासमा सबैभन्दा ठूलो बाधक सामन्ती राजा महाराजा नै थिए । पूँजीवादले सामन्ती किल्ला नभत्काइकन समाजको विकासक्रम अगाडि बढ्नेवाला थिएन । एकातर्फ पूँजीवादले मेशिनको आविष्कारमा नयाँ–नयाँ प्रगति गर्दै गयो भने अर्कोतर्फ समाजभित्र त्यही मेशिनले गर्दा नयाँ वर्ग जन्मिन पुगे । जङ्गली युगदेखि सामन्ती युगसम्म कतै नदेखिएको मजदूर सर्वहारा वर्गको रूपमा पूँजीवादभित्र विकास हुनु नै मार्क्सवादको वस्तुगत आधार तयार पार्नु हो। खासगरी युरोपमा ठूलठूला उद्योगधन्दाहरू एकपछि अर्को स्थापना हुँदै गएपछि कारखानाबाट उत्पादित तिनै वस्तुको बिक्री वितरणको लागि ठूलो बजारको आवश्यकता पर्न गयो । हो, यही बजारको छिनाझप्टीले विश्वयुद्धसम्मको भौतिक आधार तयार पार्दै थियो भने अर्कोतर्फ औद्योगिक पूँजीवादले व्यापक मात्रामा सर्वहारा श्रमिक मजदूरमाथि लूट मचाउन थाल्यो। यसरी औद्योगिक पूँजीवादविरुद्ध सर्वहारा मजदूर वर्गको पक्षमा लड्न नयाँ विचारधारा, राजनीति र राजनीतिक व्यवस्थाको वस्तुगत आवश्यकता जन्मिदै थियो। हो, यही वस्तुगत आवश्यकताको जगमा नै मार्क्सवादको जन्म भयो। त्यति बेला अध्यात्मवादविरुद्ध हेगेलको द्वन्द्ववाद तथा फायरवाजको भौतिकवाद उभिन खोजेपछि उनीहरू टाउकोले टेकेर अप्राकृतिक ढङ्गबाट हिंड्दै थिए । मार्क्सले यी दुवै छुट्टाछुट्टै रहेका दर्शनलाई एउटै बनाएर टाउकोमा होइन खुट्टामा हिंड्न सक्ने बनाए। मार्क्सले द्वन्द्वात्मक भौतिकवादमार्फत आदर्शवादी शोषक वर्गीय दर्शन प्रणालीको खण्डन गर्दै सर्वहारा श्रमिक मजदूर वर्गको दर्शनको रूपमा अगाडि बढाए ।

मार्क्स र एङ्गेल्सको पहलमा सन् १८४८ मा संसारमा पहिलोचोटि कम्युनिस्ट घोषणापत्र प्रकाशित भयो । त्यसपछि तिनै कम्युनिस्ट घोषणापत्रलाई पछ्याउँदै सन् १८७१ मा फ्रान्सको राजधानी पेरिसका मजदूरहरूले विद्रोह गरी पेरिस कम्युनको स्थापना गरेका थिए। दुनियाँमा सर्वहारा श्रमिक मजदूर वर्गले विद्रोह गरेर औद्योगिक पूँजीवादविरुद्ध आफैंले बनाएको पहिलो राज्यसत्ता हो । हुनत पेरिस कम्युन ७१ दिन मात्र टिक्यो तर त्यस अवधिमा उसले सबै श्रमिकको ज्याला बराबर पार्ने, राज्यका सबै निकाय मजदूर वर्गले निर्वाचित गर्ने जस्ता महत्त्वपूर्ण काम गरेर कम्युनिस्ट पार्टी श्रमिक वर्गको पार्टी हो भन्ने सन्देश दिएको थियो । पेरिस कम्युनको हारपछि मार्क्सले मजदूर वर्गले सत्ता मात्रै कब्जा गरेर पुग्दैन, बरु पुरानो राज्यसत्तालाई पूरै ध्वस्त पार्नुपर्ने ऐतिहासिक संश्लेषण गरेका थिए ।

पूँजीवादी व्यवस्था विकासको क्रममा औद्योगिक पूँजीवादबाट एकाधिकार पूँजीवादमा विकास गरेपछि रूसमा लेनिनले पूँजीवादको एकाधिकार पूँजीवादी चरणलाई साम्राज्यवादको रूपमा परिभाषित गर्दै सर्वहारा क्रान्तिको रणनीति बनाएर सन् १९१७ मा समाजवादी क्रान्ति सम्पन्न गरे। यसरी अक्टोबर क्रान्ति नै मार्क्सवादी सिद्धान्तको आधारमा सम्पन्न भएको पहिलो कम्युनिस्ट क्रान्ति थियो। यसपछि रूसको सोभियत वैज्ञानिक समाजवादी व्यवस्थाले संसारभरि कम्युनिस्ट आन्दोलन उत्साहित भयो । यसबाट राष्ट्रिय मुक्ति आन्दोलनलाई ठूलो प्रेरणा मिल्यो। यसले गर्दा उपनिवेशहरू स्वतन्त्र राष्ट्रमा बदलिन थाले । पूँजीवादको विकास नभइसकेको सामन्तवादी वा अर्धसामन्ती मुलुकहरूमा कम्युनिस्ट क्रान्तिको निम्ति मजदूर र किसानको एकतामा आधारित रणनीति लिनुपर्ने थेसिस लेनिनले प्रस्तुत गरे। यसै नीतिलाई स्टालिनले जनताको लोकतन्त्रको बाटोको रूपमा अगाडि बढाए। त्यसैगरी, चीनमा माओले नयाँ जनवादी व्यवस्थाको रूपमा क्रान्ति सम्पन्न गरे । यसरी अक्टोबर क्रान्तिले नै चीन, भियतनाम, कोरिया हुँदै क्युबासम्मको कम्युनिस्ट क्रान्तिको लागि महत्त्वपूर्ण प्रेरणाको काम गरेको देखिन्छ।

यतिबेला समाजवादी सत्ताहरू संशोधनवाद तथा नोकरशाही पूँजीवादमा पतन भइसकेका छन् । यसरी एकपछि अर्को समाजवादी सत्ता ढल्नुको कारण तिनीहरूमाथि बाहिरबाट पूँजीवादको प्रहारले होइन कम्युनिस्ट पार्टीभित्रै लुकेर बसेको संशोधनवाद तथा छद्म पूँजीवादले पार्टी र सत्ता विनारक्तपात कब्जा गरेको देखिन्छ। त्यसैले यतिबेला संसारभरिका कम्युनिस्ट पार्टीहरूले पार्टीभित्रै लुकेर बसेको छद्म पूँजीवाद, नोकरशाह, अवसरवाद, संशोधनवादलगायतका प्रवृत्तिहरूको बेलैमा भण्डाफोर गर्ने, तिनका प्रवृत्तिहरूलाई चिन्न सजिलो बनाइ त्यसको निराकरण गर्ने जस्ता सवालमा अत्यधिक सचेत हुन जरुरी छ। रूस वा चीनमा कम्युनिस्ट पार्टीहरूले गरेका गलती, कमीकमजोरीहरूबाट पाठ सिकेर अगाडि बढेमा मात्रै अबको समाजवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ।

सर्वहारा श्रमिक जनतालाई शक्तिशाली बनाउने नाममा कम्युनिस्ट पार्टीको मुठीभरिका नेताहरू मात्र बलियो हुने परम्पराले गर्दा रूस, चीनमा समाजवादको पतन भएको कुरालाई सबैले बुझ्न जरुरी छ। समाजवादी सत्तामाथि कम्युनिस्ट पार्टीको अमूक नेताहरूको पकड वा नियन्त्रण बलियो बनाउनुको साटो आम सर्वहारा श्रमिक मजदूर वर्गलाई सत्तामा पहुँच बढाउने, निर्णय गर्ने तथा शक्तिको केन्द्रीकरण गर्ने थिति बसाल्न आवश्यक छ । झन्डै सात दशकभन्दा बढीको समाजवादी सत्तालाई हेर्दा त्यहाँ सर्वहारा जनवादलाई सङ्कुचित पारिएको देखियो। वास्तवमा समाजवादी सत्ताभित्र पेटलाई शान्त पार र ओठलाई बन्द गर जस्तो नीति अख्तियार गरेको देखियो । वाक स्वतन्त्रता र निर्णय प्रक्रियामा सहभागी मानव समाजको खानापछिको सबैभन्दा ठूलो भोक हो भन्ने कुरा समाजवादी सत्ताहरूले बिर्सेको वा नजरअन्दाज गरेको देखियो।

नेपाली समाजमा विश्वमा भएको समाजवादी क्रान्ति तथा कम्युनिस्ट पार्टीभित्रको संशोधनवाद र नोकरशाही पूँजीवादजस्ता कुराले पनि राम्ररी घर गरेको देखिन्छ। मनमोहन अधिकारी र डा केशरजङ्ग रायमाझी नेतृत्वको बेलामा नेपाली कम्युनिस्ट पार्टीहरूले समाजवादी आन्दोलनभित्र थुप्रै विसङ्गति पनि जन्माएको स्पष्ट हेर्न सकिन्छ। दश वर्षे जनयुद्धको सवाल होस् वा सशस्त्र झापा आन्दोलन । सबै चरणमा कम्युनिस्ट पार्टीभित्र जनवादी केन्द्रीयताको नाममा नेताहरूको अनावश्यक नोकरशाही तथा व्यापक कार्यकर्ताको अभिव्यक्ति स्वतन्त्रता निस्साएको नै देखिन्छ । वास्तवमा यो क्रम आजको अवस्थासम्म आइपुग्दा कम्युनिस्ट भन्ने नेताहरूलाई आम कार्यकर्ताहरूले महान्, आदरणीय जस्ता शब्दहरूले सम्बोधन गरिदिनुपर्ने, नेताहरू जिल्लातिर आउँदा हवाई अड्डामा फूलको माला लगाइदिनुपर्ने, ज्यूज्यू गर्दै तिनको सवारी चलाउनुपर्ने, कार्यकर्ताभन्दा तिनलाई विशिष्ट देखिनुपर्ने, कार्यक्रमहरूमा मञ्चमा प्रमुख अतिथि, अतिथि बन्दै माला तथा खादाले तिनीहरूको निधारसम्म छोपिनुपर्ने जस्ता बुर्जुवा संस्कृति कम्युनिस्ट पार्टीहरूभित्र जन्मिन पुगेको छ।

वास्तवमा समानताको यात्रामा हिंडेको कम्युनिस्टहरू आफ्नै पार्टीभित्र असमानता पैदा गरेर गैरमार्क्सवादी चरित्रको प्रचारप्रसार र व्यवहारहरू सारमा भ्रष्टीकरणको शिकार हुनुका साथै मार्क्सवादी चेतभन्दा पनि अध्यात्मवादी चेततर्फ नै केन्द्रित भएको देखिन्छ। यस्तो समाजवादको यात्रा केवल पार्टीको राजनीतिक प्रतिवेदनमा मात्रै सीमित हुन पुगेको छ । उनीहरू साँच्चिकै बुर्जुवा संस्कृतिले थिचिएका व्यक्तिहरूको झुन्ड भएको गैरमार्क्सवादी विचारधारा बोक्ने कथित कम्युनिस्ट पार्टी र कम्युनिस्ट व्यक्तिहरू मात्रै हुन्। संसद्वादमा लागेका कुनै पनि संशोधनवादी पार्टी कम्युनिस्ट पार्टी होइनन्।

# लामो प्रतीक्षापछि बूढीगण्डकीमा "ब्रेक थ्रू"

काठमाडौं, २५ चैत/रासस

कहिले स्वदेशी लगानी त कहिले विदेशी कम्पनीलाई जिम्मा लगाइँदै आएको राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत बूढीगण्डकी जलविद्युत् आयोजना अब भने स्वदेशी लगानीमा नै निर्माण गर्ने निर्णय गरेको छ।

बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेपछि यसको पक्षमा नै बढी मत देखिएको छ। नेपाली काङ्ग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आज बिहानै सामाजिक सञ्जाल ट्वीटरमा लेखे, "समृद्धिको साझा दायित्व, आवेगमुक्त साझा अठोटमा देश जुट्नुपर्छ ।" मुआवजा टुङ्गो लगाएर सरकार र निजी क्षेत्रको लगानी सुनिश्चित गरेर यसलाई गति दिन अब ढिलाइ गर्न नहुने उनको भनाइ छ।

बूढीगण्डकी स्वदेशी लगानीमैं निर्माण गर्ने सरकारको निर्णय स्वागतयोग्य रहेको उल्लेख गर्दै उनले अब कुनै पनि ढिलाइ गर्न नहुनेमा जोड दिए । कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सन् २०१४ मा नै निर्माण भएको हो।

राजनीतिक स्वार्थको चपेटामा आयोजना परेको आरोप लागेको आयोजनाले अब गति लिनेमा स्थानीयवासीले विश्वास गरेका छन् । कहिले बूढीगण्डकी विकास प्राधिकरण मार्फत समग्र विकासको खाका कोर्नुपर्ने, कहिले क्षमता घटाउने वा कहिले स्वदेशी लगानी र विदेशी कम्पनीको खोजी जस्ता अनेकन चक्रमा घुमेको सो आयोजना ऊर्जा सुरक्षाका हिसाबले पनि महत्त्वपूर्ण छ।

काठमाडौं, कास्की, नारायणगढ लगायतका लोड सेन्टरबाट नजीक रहेका आयोजना डिपिआर बुझाइएको समयमा नै शुरू भएको भए शायद यतिबेला सम्पन्न भइसक्ने थियो। प्रतीक्षा पनि कति समय गर्ने भन्ने अवस्थामा आयोजना प्रभावित छन् । धादिङ र गोरखाका साबिक २७ गाविसका ५० हजार मानिस आयोजनाबाट प्रभावित हुन्छन्। आयोजना आफैंमा नेपालका लागि गौरवको बन्ने अध्ययनबाट देखिएको छ । लामो समयदेखि सोही सपनाको प्रतीक्षामा रहेका आयोजना प्रभावित र आम मुलुकले समेत प्रत्यक्ष लाभ हासिल गर्नुपर्ने मत उत्तिकै जबरजस्त छ।

तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले पहिलोपटक सो आयोजना विकासका लागि चिनियाँ कम्पनीलाई जिम्मा लगाएको थियो । नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र)को संयुक्त सरकारका समयमा उक्त निर्णय भएको थियो। त्यसपछि नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारले पूर्ववर्ती सरकारले गरेको निर्णय खारेज गर्दै स्वदेशी लगानीमा निर्माण गर्ने निर्णय गर्‍यो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा स्वर्णीम वाग्ले नेतृत्वको कार्यदलले गरेको सिफारिशका आधारमा सरकारी स्वामित्वका विभिन्न कम्पनी तथा संस्थाको लगानी रहने गरी आयोजनाको विकास गर्ने निर्णय गर्‍यो । चुनावी सरकारले गरेको निर्णय भन्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पुनः सो आयोजना पुनः चिनियाँ कम्पनी गेजुवालाई नै दिइयो। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमार्फत जानुपर्ने प्रस्ताव मन्त्रिपरिषद् कार्यालयमा दर्ता गरेर निर्णय भएको भन्दै त्यति बेला पनि आलोचना भएको थियो। यद्यपि, ऊर्जा मन्त्रालयले चिनियाँ कम्पनीसँग दुई चरणमा वार्ता गर्‍यो।

लगानीका विभिन्न मोडालिटीका बारेमा छलफल गर्‍यो । नेपालले इपिसिएफ मोडलमा आयोजना निर्माण गर्नेगरी चिनियाँ कम्पनीसँग संवाद गरेको थियो । तत्कालीन ऊर्जामन्त्री वर्षमान पुनले आयोजनाको विकासका लागि असाध्यै ठूलो मेहनत गरेको प्रतिक्रिया दिएका थिए। अवस्था कस्तो भइदियो भने चिनियाँ कम्पनी दुईपटकको संवादपछि सरकारको सम्पर्कमा नै आएन।

सरकारले पटकपटक आग्रह गर्दा पनि परिणाम निस्केन । कोरोना कहरलगायतका कारणले केही समयसम्म आयोजनाका बारेमा चर्चा परिचर्चा नै हुन सकेन । वर्तमान सरकार गठन भएपछि ऊर्जा मन्त्रालयको नेतृत्व सम्हाल्लेकी पम्फा भुसालले शुरूको दिनदेखि नै आयोजना अगाडि बढाउन पहल गरिन् । गत मङ्सिरमा चिनियाँ कम्पनीलाई दुई मीहनाभित्र निर्णय गर्न आग्रह गरिएको थियो।

आयोजना अगाडि बढाउनुपर्ने स्थानीयवासीको माग थियो। उनीहरूले प्रधानमन्त्री, अर्थमन्त्री र ऊर्जामन्त्रीलाई प्रतिनिधिमण्डल नै बनाएर छलफल गरेका थिए । स्थानीयवासीको मागबमोजिम सरकारले मुआवजामा लाग्दै आएको ह्रासकट्टी गर्नुपर्ने निर्णय खारेज गरिदियो । स्थानीयवासीको मुआवजामा छुटेका घरगोठ तथा अन्य रूखबिरुवाकोसमेत मूल्याङ्कन गरी क्षतिपूर्ति दिने निर्णय गरी सार्वजनिक सूचनासमेत प्रकाशित भइसकेको छ। यसबाट आयोजना अगाडि बढ्ने विश्वास बढेर गएको बूढीगण्डकी सरोकार समितिका अध्यक्ष जगन्नाथ खनालको

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ २०७८ चैत २६ गते शनिवार 2022 April 09 Saturday


# चैती छठ : क्रमिक विस्तारको आकाश

आजभोलि धेरै पुराना पर्वमा खिया लाग्न थालेका छन् । नजीकका पर्वहरू जूड शीतल, सतुवान यसका उदाहरण हुन् । आफ्ना केही पर्वहरू दुब्लाए पनि विदेशी पर्व वा संस्कृतिको आकर्षण हामीकहाँ बढ्दो छ । रैथाने संस्कृतिका शुभचिन्तकहरू यस कारण चिन्तामा छन् कि लोकसंस्कृति र यससम्बद्ध धेरै सम्पदा

**स्वान्त सुखाय:**



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**अब हाम्रो सामाजिक परिवेशमा चैती छठ निकै घुलमिल भइसकेको छ। समाजको एउटा ठूलो उत्सव भइसकेको छ। समाजको सांस्कृतिक जरो पनि बनिसकेको छ। सामाजिक सांस्कृतिक पहिचान र प्रतिष्ठासित जोडिइसकेको चैती छठको महत्त्व राज्यले बुझ्न बाँकी छ।**



निरन्तर लोप भइरहेका छन् । संस्कृति निरन्तर हराइरहँदा दुर्भाग्य कतैबाट मौलिकता रक्षार्थ कुनै महत्त्वपूर्ण काम भइरहेको छैन । ओरालो लागेको मौलिकतामा हरेक दिन आधुनिकता थपिँदै गइरहेको हाम्रा संस्कृतिप्रति सद्भाव त रहेको छ तर सद्भावका अगाडि उभिएर एउटा सेल्फी लिएर संस्कृति मानेको भ्रमको अनुकरण बढेको छ । भ्रमको अनुकरणमा हाम्रो वास्तविक संस्कृतिका कतिपय पक्षको बारेमा धेरैलाई केही थाहै रहेनछ। आफूले आफूलाई नै बिर्सिंदै गइरहेको जस्तो भइरहेको छ अहिले ।

चैतको आरम्भमा हुने होलीलाई त फगुवा नै भन्ने गरिन्छ । चैतको पहिलो दिन हुने भएपनि फागुनमा नै गन्ती हुन्छ समाजमा । यस धरातलमा सबैभन्दा ठूलो पर्व हुन्थ्यो रामनवमी । रामनवमीलाई चैतको ठूलो पर्व मान्ने गरिन्थ्यो । र सर्लाहीदेखि पश्चिमका लागि चैतेनवमी मेला प्रसिद्ध थियो सिम्रौनगढको । अहिले यस मेलाको रौनक पनि खुइलिइसकेको छ । धेरै चोक र बजारले आफ्नो नौरङ्गी छाया विस्तार गरिसकेका छन्, जसमा सिम्रौनगढको मेला फिक्का भइसकेको छ।

निकै कम समयमा चैते दशैं र चैती छठको विकास भइरहेको छ । हेर्दाहेर्दै चैते दशैंको मेला धेरै ठाउँमा लाग्न थालिसक्यो । जसरी फागुन पूर्णिमाको दिन समनपुर मेला पर्याय नै थियो, त्यसरी अब चैतको कुनै मेला पर्याय छ भने अलिकति जनकपुर मेला। अन्यथा चैतमा अब दशैं र दशैंभन्दा धेरै गुना बढी छठको सम्झना हुन थालिसक्यो। छठजस्तो कठिन पर्व मान्नेहरूको सङ्ख्या हेर्दा मधेसमा यस महीनाको सबैभन्दा ठूलो पर्व अब छठ नै भइसक्यो भन्दा अत्युक्ति नहोला।

मधेसका सबै जिल्लामा छठ धूमधामका साथ मनाइन थालिएको छ।

अध्ययनको आधारमा मैले दाबी गरेको छु कि छठको सुरुआत रौतहटको समनपुरबाट भएको हो । मेरो एउटा पुस्तक पनि प्रकाशित छ– छठ पबनी, उद्भव र विस्तार ।

चार दशकअघि कतै कुनै चैती छठको बारेमा मैले सुनेको थिइनँ तर विस्तारको सुरुआत भएको छ । गत दुई दशक र अझ पछिल्लो दशकमा भने चैतको छठले निकै विस्तार पाएको छ। यसको पछिल्लो अर्धदशक अर्थात् देशमा नयाँ संविधान जारी भएपछिको अवस्थामा भएको पालिका निर्वाचनपछिको पाँच वर्षमा छठले सङ्ख्यात्मक र गुणात्मक दुवैरूपमा आकाशको विस्तार भएको छ । छठको आकाश यसरी विस्तार भइरहेको छ कि अब यसले खोजेको औपचारिक शुभकामना हो । हो, अन्य पर्वको जस्तो चैतको छठको औपचारिक शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरी ठूला नेताहरूलाई बोलाउन शुरू गर्ने हो भने राष्ट्रिय मिडियामार्फत सबैको ध्यान खिच्न सफल हुने कुरामा अलिकति पनि शङ्का छैन । र यस सवालमा पनि शङ्का छैन कि अब चैती छठले आफ्नो जरोको



आकाश यसरी विस्तार गरेको छ कि समाजले अपनत्व ग्रहण गरिसकेको छ। जहाँ कुनै पनि पर्व वा संस्कृतिलाई समाजले अपनत्व ग्रहण गर्दछ, त्यहाँ त्यसको विस्तार हुन्छ । छठ पर्वको विस्तारमा यही मूल कारण रहेको छ।

छठ पर्व आफैं विस्तार भइरहेको छ। कसैले यसको लागि प्रयास गरिरहेको छैन। यसलाई औपचारिकता दिइरहेको छैन। समाजमा यसलाई मान्नेहरूले एउटा दियोबाट अर्को दियो सल्काएझैं आफैं सल्किंदै गइरहेको छ। साँच्चै, चैती छठ मान्नेहरूमध्ये धेरै चाहिं पहिलो पुस्तामा नै छन्। अर्थात्, चैती छठ मान्ने अधिकांश चाहिं पहिलो पुस्ता हुन् । के उसो भए यसको कुनै इतिहास नै छैन त ?

होइन, यसको इतिहास छ । जसरी चैतमा दशैं मनाइन्छ र असोजमा पनि। दशैं पहिले कुन ? यस्तै पक्ष छठको अगाडि पनि छ । किन अरू महीनामा छठ मनाइएन ? चैतमा नै किन ? के चैत र कात्तिकको छठमा कुनै सामञ्जस्य छ ? निस्सन्देह छ । दुवै छठ एउटै हुन् । छठको विधि, प्रक्रिया, आस्था र श्रद्धा सबै उही हुन्। एकै तिथि, मिति र एकै विधानले कात्तिके छठ र चैती छठ मनाइन्छन् । कतिपय सन्दर्भमा दुवै छठ मान्ने पात्र उही छन् ।

अर्धदशक पहिले दर्शक धेरै हुन्थे, श्रद्धालु धेरै देखिन्थे तर व्रतालु निकै कम हुन्थे । यसरी लाग्दथ्यो कि व्रतालुहरूभन्दा धार्मिक मनोरञ्जन गर्न जाने दर्शकहरू धेरै छन् । छठ पबनीको श्रीसप्ताअगाडि टाउको अलिकति निहुर्‍याएर पर्वप्रति सद्भाव, श्रद्धा र आस्था देखाएपछि छठ पर्वप्रतिको आफ्नो कर्तव्य सकिन्थ्यो । तर यही समयमा अब छठ पर्व गर्नेहरू बढेका छन् । धेरै परिवार थपिएका छन् । धेरै परिवार थपिनुको अर्थ हो अझ धेरै मानिस जोडिनु । जब धेरै मानिस जोडिन्छन्, तब छठले आफ्नो महत्त्व बढाएको पनि स्पष्ट हुन्छ ।

सबैले बुझेका छन्– छठ पबनी कसैले कुनै रहरले मात्र गर्दैन । एकचोटि पबनी शुरू गरिसकेपछि सितिमिति छाड्नुहुँदैन। भन्नुको तात्पर्य एकचोटि छठको उठान गरेपछि निकै लामो समयसम्म गरिरहनुपर्दछ । छठको लामो यात्रामा जब व्रतालु हिंड्न शुरू गर्दछन्, तब लाम आफैं बढ्दै जान्छ । यो कहिल्यै कम हुँदैन। कहिल्यै कम नहुने एउटै कारण हो– यसको आस्थामा विस्तार भइरहनु। यसले समाजलाई जोडिरहने हुन्छ । समाजलाई जोड्ने एउटा सामाजिक सामूहिक पर्व छठ अब बिस्तारै चैतमा सबैको साझा बन्ने बाटोमा अग्रसर छ ।

कतिपय सन्दर्भमा कात्तिके छठ सुलभ छ र कतिपय सवालमा चैती छठ सुलभ छ । चैतमा धानदेखि गहुँसम्म जुटाउन अर्थात् सामग्री जुटाउन निकै सुगम छ तर अन्तिम चैतको गर्मी दिनमा झन्डै सवा दुई दिन निराहार बस्नु साँच्चै निकै ठूलो कठिन चुनौती हुन्छ, आफैंमा । कात्तिके छठमा भने मौसममा नरमपन आइसकेको हुन्छ, यसले गर्दा तिर्खा लाग्ने सम्भावना धेरै कम हुन्छ तर सामग्री जुटाउन भने अलिक बढी सङ्घर्ष गर्नुपर्दछ। यद्यपि हातमा पैसा छ भने आजभोलि सबै सामान केही छिनमैं उपलब्ध हुन्छ । सबै सामान सजिलै पाइन्छन् ।

अब हाम्रो सामाजिक परिवेशमा चैती छठ निकै घुलमिल भइसकेको छ । समाजको एउटा ठूलो उत्सव भइसकेको छ । समाजको सांस्कृतिक जरो पनि बनिसकेको छ । सामाजिक सांस्कृतिक पहिचान र प्रतिष्ठासित जोडिइसकेको चैती छठको महत्त्व राज्यले बुझ्न बाँकी छ। यसमा जति धेरै मानिस संलग्न हुन थालेका छन्, यसले धेरै क्षेत्र प्रभावित हुन थालेको देखिन्छ । समाजका धेरै क्षेत्रमा चैती छठले प्रभाव पार्न सक्नुको अर्थ हो, अब यसले सामाजिक मान्यता पाइसकेको छ र कानूनी मान्यता पाउन बाँकी छ । समाजले यसको माग अघोषितरूपमा गर्न थालेको छ। देश वा प्रदेशले दिने कतिपय पर्वको बिदाको दिनभन्दा यस दिन समाज धेरै गतिशील भइसकेको छ । यसको आयाम धेरै विस्तार भइसकेको छ। पुराना पुस्ता त आफैंमा यस चैती छठको विस्तार देखेर अचम्भित छ ।

चङ्गा उडाएको त देखिन्न तर चैती छठले पटाका पड्काउन भने थालेको छ। पटाकाको आवाज धेरैले सुनेको हुनुपर्छ। पटाकाको आवाजलाई चैती छठको आवाज बुझ्न थालेको छ बिस्तारै समाजले।

# “के बा घरे ? आइँ, नेताजी आइल बानी, भेंट करे”

अहिले गल्ली–गल्लीमा मत माग्नेहरूको भीड छ। यसैगरी, आफतमा परेका बेला असहायहरूको घरदैलोमा पुगेर अपनत्व देखाएको भए शायद मतदाताहरूले त्यस्ता नेताको घरमा पुगेर भन्थे, “मेरो मत तपाईंलाई ।” तर अपवादबाहेक ओहोदाधारीलगायत विपक्षीहरूले समेत कोरोनाकाललाई धन कमाउने मौकाको रूपमा लिए । लोकतन्त्रका स्तम्भहरूमध्ये विपक्षी पनि एक हो । यद्यपि विपक्षीहरूको हबिगत पनि प्रशंसायोग्य थिएन । ‘बाँडीचुँडी खाउँ’को संस्कार विद्यमान रह्यो । स्याबासीका पात्र केही सामाजिक संस्थाहरू थिए, जो असहायहरूलाई निश्शुल्क भोजन वितरण गरिरहेका थिए। सधैं पैसावालको छत्रछाया बन्ने सत्ताका आकाङ्क्षीहरूको नजरमा आज मतदाताहरू महत्त्वपूर्ण देखिंदैछन् । कोरोनाकालमा समस्याग्रस्त मजदूरहरू सङ्क्रमणको ओरालोसँगै कर्मथलो फर्किन थालेपछि अपवादबाहेक अहिले गाउँहरू रित्ता छन्। अहिले गाउँको सडक तथा गल्ली हुँदै दलबलसहित उम्मेदवारहरूको टोली मतदाताहरूको घरघरमा पुग्ने क्रम जारी छ।

**सरोकार**



राजेश मिश्र
rajesh560107@gmail.com

**केवल मत हाल्ने मानसिकतामा आफूलाई सीमित राख्ने हो भने सत्ताधारीहरूले माउतेझैं सधैं शासकका साथै धन कमाउने प्रवृत्तिमा लिप्त रहनेछन् । मतदाताहरू कसैका दास होइनन् । यद्यपि हामीले दासत्व स्वीकार गर्छौं भने मालिक कदापि बन्न सक्दैनौं ।**

कोरोनाकालताका परदेशबाट घर फर्किएका मजदूरहरू महीनौंसम्म घरमैं थन्किन बाध्य थिए। त्यति बेला मजदूरी ठप्प थियो नै, परदेशमा ज्यान पनि सुरक्षित थिएन। गाउँमा थन्किएका ती मानिसहरूको पेटले खाना मागिरहेको थियो । उता कोराना सङ्क्रमणबाट जोगिने मापदण्ड छँदै थियो। के गर्ने ? कसरी गर्ने ? कहाँ कमाउने ? र के खाने ? जस्ता प्रश्नहरूको भरपर्दो उत्तर दिने अपवादबाहेक कोही थिएन। चुनाव नजीकिँदै जाँदा मतदाताहरूलाई लोभ्याउने प्रकृतिका विभिन्न आचरणहरू अहिले छताछुल्ल छन्।

०००

मतको आकाङ्क्षी एकजना दौडाहामा थिए । जिन्दाबादको नारा घन्किरहेको थियो। बीचबीचमा ‘जितेगा भाइ जितेगा...’ ठूलो स्वरमा नेताको नाम र चुनाव चिह्न उच्चारण भइरहेको थियो । अघिअघि नेता र पछिपछि कार्यकर्ता तथा आफन्तहरू उफ्रिउफ्री नारा लगाइरहेका थिए । मानवीय पदचापले आज गाउँका ती साँघुरा गल्लीहरू कम आश्चर्यचकित थिएनन्। एकाध सम्पन्न व्यक्तिबाहेक उक्त गाउँमा प्रायः मजदूरीमा आश्रित मतदाताहरूको बाहुल्यता थियो । दलबलसहित मतदाताहरूको द्वारमा पुगेपछि कार्यकर्ताहरूले आवाज लगाउँथे, “के बा घरे ? आइँ, नेताजी आइल बानी, भेंट करे ।” अर्थात् “घरमा को हुनुहुन्छ ? बाहिर आउनुस्, नेताजी आउनुभएको छ, भेंट्न ।” प्रायःजसो घरमा वृद्धवृद्धा, महिला तथा बालबालिकहरू मात्र भेटिन्थे। किनभने युवा जाँगर काम गर्न वा कामको खोजीमा देश र परदेशमा गइसकेका हुन्छन्।

जुन मतदाताको द्वारमा नेताजी उभिरहेका थिए, त्यस घरको वृद्ध मजदूरी गर्न गइसकेका थिए । द्वारमा बच्चाहरू खलिरहेका थिए। बच्चाहरूको ध्यान भीडतर्फ थिएन भन्ने होइन। आज उनीहरूले आफ्नो द्वारमा मानिसहरूको भीड देखेर अचम्मित थिए । नादमा बाँधिएका मवेशीहरू पनि उत्तिकै आश्चर्यचकित थिए । शायद उनीहरू मानिसहरूको यतिविघ्न भीड हुँदाहुँदै पनि नादमा आहारा हालिदिने कोही नभएर बढी चकित थिए । नादमा आहारा सकिसकेको थियो। किनभने मानिसहरूको भीडका कारण महिलाहरूलाई बाहिर निस्कन अप्ठ्यारो परेको थियो। शायद मवेशीहरू भीडमध्ये कसैले नादमा आहारा हालिदेला भन्ने ध्याउन्नमा थिए। भोकले मवेशीहरू बाँ–बाँ गर्दै क्रन्दन गरिरहेका थिए ।

भीडमध्येबाट एकजनाले बच्चाहरूसँग सोध्यो, “बबुवा एही घर के लइका हउव लोगन का ?” अनजान मानिसहरूलाई देखेर होला बच्चाहरू दगुर्दै घरभित्र छिरे। ढोकाको सानो छिद्रबाट बाहिरको गतिविधि नियालिरहेका आमा र हजुरआमासँग बच्चाहरूको ढोकामैं जम्काभेंट भयो। स्वाँस्वाँ गर्दै बच्चाहरूले एकै स्वरमा भन्न थाले, “ए माई ! ए इया ! हउ देख लोगन, दुवार पर केतना लोग आइल बा !” बच्चाहरूले के भनिरहेका छन् भन्दा पनि हजुरआमाको ध्यान भोकले छटपटिइरहेका मवेशीहरूको क्रन्दनतर्फ बढी केन्द्रित थियो । अन्ततः हजुरआमा बाहिर निस्किइन् । उनको ध्यान भीडतर्फ पटक्कै थिएन। उनी दुवै हातले छइटीमा लेदी हाल्दै घुम्टोको ओतबाट मवेशीहरूलाई हेरिइरहेकी थिइन्। उनलाई कति छिटो नादमा लेदी हालिदिउँ भन्ने चिन्ता थियो ।

वृद्धाको सोचाइभन्दा विपरीत अवस्था सृजना भयो। नेता तथा कार्यकर्ताहरूको गोल घेरामा उनी घेरिइन् । नेताले महिलाको खुट्टा ढोगे। वृद्धाको धूलाम्य पाउको धूलो मस्तकमा लगाउँदै बिन्तीभावमा नेताले भन्न थाले, “ए काकी, हमर चुनाव चिह्न देखी हइ हवे, एही में छाप मारे के बा, आ हमरा के जितावे के बा, बुझनीं ?” अर्थात् “काकी हजुर हेर्नुस्, यो हो मेरो चुनाव चिह्न, यसैमा छाप लगाउनु छ र मलाई विजयी बनाउनु छ, बुझ्नुभयो ?” लगायतका गरीबहरूको सपना साकार पार्ने प्रकृतिका प्रवचन दिन नेताले भ्याए । हजुरआमा ट्वाँ परिन् ।

ती नेता ‘मनमा राम राम, बगलीमा छुरी’ प्रकृतिको उदारता प्रदर्शन गर्न रतीभर पनि चुकेनन्। गरीबको हृदयमा मनोवैज्ञानिक प्रभाव पर्ने युक्ति रचे । नेताले कार्यकर्ताहरूतर्फ हेर्दै नादमा लेदी र पानी हालिदिनका लागि ठूलो स्वरमा गर्जिए। एकजना कार्यकर्ता नेताको आदेश अनुसार नादमा पानी भर्न खट्यो। अर्कोले वृद्धाको हातबाट छैटी लिएर नादमा आहारा हाल्न थाल्यो । यससँगै नेताको नाम लिएर जिन्दाबादको नारा पुनः घन्कियो । गरीबको नेता भन्दै कार्यकर्ताहरू जोडजोडले आवाज लगाइरहेका थिए । हत्या, हिंसा तथा गरीबहरूलाई ऋण दिएर उनीहरूको उठीबास लगाउने जस्ता नेताका आचरण ओतमा पार्ने हरसम्भव प्रयास भइरहेको थियो । सामाजिक सेवामा शून्य संलग्नता रहेको ती नेता अहिले एकाएक सेवाभावमा लिप्त भएका थिए ।

०००

अहिले चारैतिर चुनावी वातावरण छ । आसन्न निर्वाचनका सम्भावित उम्मेदवारहरूलाई तनाव कम छैन भन्ने होइन। उनीहरूलाई पहिलो तनाव टिकट पाउने नै छ। दोस्रो, चुनावमा हुने आर्थिक खर्चको छ। मतदाताहरूमध्ये कोही धनी त कोही गरीब छन्। कोही हाकिम, त कोही कामदार छन् । यद्यपि मतको मूल्याङ्कन सबै एक समान छ । त्यसैले मतदाताहरूले आफ्नो शक्ति पहिचान गर्नुपर्छ । मतको शक्ति सदुपयोग गर्नु सबैको परम कर्तव्य हो। पाँच वर्षपछि पुनः आफ्नो सेवक छान्ने अवसर आएको छ । त्यसैले प्रत्येक मतदाताले आफ्नो मतको शक्ति बुझ्नु जरुरी छ। एक मतले राम्रो व्यक्तिले सेवक बन्ने अवसर गुमाउन सक्छ। त्यस्तै, एक मतको कारण दुर्जन प्रकृतिको व्यक्ति सत्तासीन हुन सक्छ । त्यस कारण उम्मेदवारहरूमध्ये राम्रो जनप्रतिनिधि छान्नेतर्फ मतदाताहरूको ध्यानाकर्षण हुनु अपरिहार्य छ । काका/काकी, दाइ/भाइ र दिदी/बहिनीको सम्बन्ध गाँस्दै चरण स्पर्श गरी आशीर्वादको रूपमा मत माग्ने व्यक्तिप्रति उदार हुनु आवश्यक छैन । सोचविचार गर्नुपर्छ। मत माग्ने व्यक्ति कस्तो प्रकृतिको छ ? उसको पृष्ठभूमि कस्तो छ ? आदि कुराहरू केलाउनुपर्छ।

एकपटक माउतेले हात्तीलाई डोरीमा बाँधेर हात्तीको मनोविज्ञान जाँच्ने प्रयास गर्‍यो । हात्ती सधैं फलामको सिक्रीमा बाँधिएको हुन्थ्यो । आज माउतेले हात्तीलाई डोरीले बाँध्यो । हात्तीको मनोविज्ञान आफू फलामको सिक्रीमा बाँधिएको भन्ने थियो । त्यस कारण फलामको मनोविज्ञानले ग्रसित हात्ती निरीह थियो । उसलाई आफ्नो शक्ति आफैंलाई थाहा थिएन । फलाम भाँच्न सक्ने हात्तीको शक्तिको अगाडि डोरीको कुनै हैसियत थिएन। यद्यपि उसले आफ्नो शक्तिको शून्य प्रयास पनि गरेन। हात्तीले आफ्नो शक्ति र सामर्थ्यलाई डोरीको बन्धनबाट मुक्त गर्न सकेन।

उपरोक्त हात्तीको कथाझैं मतदाताहरूको अवस्था छ । मतदाताहरूभन्दा शक्तिसम्पन्न को छ ? आफैंसँग प्रश्न गरौं। माउतेरूपी सत्ताका आकाङ्क्षीहरूको अगाडि हात्तीरूपी शक्तिसम्पन्न मतदाताहरूले आफूलाई निरीह ठान्नु त्योभन्दा दुर्भाग्यपूर्ण अरू के हुन सक्छ ? परिवर्तनका संवाहक मतदाताहरू हुन्। माउतेरूपी सत्ताका ती आकाङ्क्षीहरू हुन्, जो हात्तीको शक्तिलाई नियन्त्रणमा लिएर आफूलाई सर्वशक्तिमान ठान्छन् । मतदाताहरू नकारात्मक मानसिकताको शिकार भएपछि अपेक्षाकृत प्रगतिको कल्पना गर्न सकिँदैन। केवल मत हाल्ने मानसिकतामा आफूलाई सीमित राख्ने हो भने सत्ताधारीहरूले माउतेझैं सधैं शासकका साथै धन कमाउने प्रवृत्तिमा लिप्त रहनेछन्। मतदाताहरू कसैका दास होइनन्। यद्यपि हामीले दासत्व स्वीकार गर्छौं भने मालिक कदापि बन्न सक्दैनौं। त्यस्ता व्यक्तित्वलाई मालिकत्व सुम्पौं, जसले देशको कायापलट गर्न सकोस्।

# द्रोण पर्व–७१



महाभारतबाट सङ्कलन तथा अनुवाद

**उमाशङ्कर द्विवेदी**

उनीहरूले भुजाहरूलाई बेरेर, टाउकोमा टाउको जोडी, खुट्टा तानेर, तोमर, अङ्कुश नामक दाउपेंच देखाउँदै भुँडीमा घुँडा टेकेर, पृथ्वीमाथि घुमाएर, अगि–पछि हटेर, धक्का हानेर, खसालेर र माथि उफ्रेर अटल युद्ध गरे । मल्लयुद्धमा बत्तीसवटा दाउ हुन्छन्, ती जम्मैको प्रयोग देखाउँदै उनीहरूले डटेर कुश्ती गरे ।

अन्तमा सिंहले जसरी हात्तीलाई लखार्दछ, त्यसै प्रकारले कुरुश्रेष्ठ भूरिश्रवाले सात्यकिलाई भुइँमा घिसार्दै अनायास उचालेर पछारिदिए, अनि छातीमा लात्तीले हानी उनको कपाल समातेर म्यानबाट तरबार झिके । अब उनी सात्यकिको कुण्डलमण्डित मस्तक काट्ने दाउमा थिए तथा सात्यकि पनि उनको हातबाट उम्कनको लागि कुम्हालेले जसरी डन्डाले चक्र घुमाउँछ, त्यसै प्रकार कपाल समातेको भूरिश्रवाको हातसहित आफ्नो मस्तकलाई घुमाइरहेका थिए, यसैबेला श्रीकृष्णाले अर्जुनसित भने– महाबाहो, हेर्नुहोस्, तपाईंको शिष्य सात्यकि यतिबेला भूरिश्रवाको हातमा फेला परेका छन् । सात्यकि धनुर्विद्यामा तपाईंभन्दा कम्ती छैनन् । आज यदि भूरिश्रवा सत्यपराक्रमी सात्यकि बढी भए भने उनको विक्रम अयथार्थ मानिनेछ । श्रीकृष्णले यति भनेपछि महाबाहु अर्जुनले मनमनैमा भूरिश्रवाको पराक्रमको प्रशंसा गर्दै वसुदेवनन्दनसित भने– माधव, यतिबेला मेरो दृष्टि जयद्रथमाथि लागेको छ, त्यसैले म सात्यकिलाई हेरिरहेको छैन । तापनि यस यदुश्रेष्ठको रक्षा गर्नको लागि एउटा दुष्कर कर्म गर्दैछु । यति भनेर श्रीकृष्णको कुरा मान्दै उनले गाण्डीव धनुषमाथि एउटा तीखो बाण सन्धान गरेर भूरिश्रवाको त्यो भुजा काटिदिए, जुन हातमा उनले तरबार उचालेका थिए ।

यो दृश्य हेरेर सबै प्राणीलाई बडो दुःख भयो । भूरिश्रवा सात्यकिलाई छाडेर अलग गई उभिएर अर्जुनको निन्दा गर्न थाले । उनले भने– अर्जुन, म अर्कासित युद्ध गरिरहेको थिएँ, तिमीतर्फ त मेरो दृष्टि पनि थिएन । यस्तो बेलामा तिमीले मेरो हात काटेर बडो क्रूर कर्म गर्‍यौ । धर्मपुत्र राजा युधिष्ठिरले सोधेपछि– संग्रामभूमिमा सात्यकिको साथ युद्ध गर्दै गरेका भूरिश्रवालाइ मारिदिए– भनेर भन्न सक्नेछौ ? तिमीलाई यो अस्त्रनीति साक्षात् इन्द्रले सिकाएका हुन् वा महादेवले अथवा द्रोणाचार्यले सिकाएका हुन् ? तिमी त संसारमा अस्त्रधर्मको सबैभन्दा बडो ज्ञाता मानिन्छौ अनि कसरी अर्काको साथमा युद्ध गरिरहेको बेला ममाथि प्रहार गर्न सक्यौ ? मनस्वीहरूले मात्तिएका,



भयभीत भएका, रथहीन, प्राणको भिक्षा माग्ने वा आपत्तिमा परेका पुरुषमाथि कहिल्यै पनि वार गरिन्दै भनेका छन्, अनि तिमीले यो नीच पुरुषहरूको योग्य अत्यन्त दुष्कर पापकर्म किन गर्‍यौ ?

अर्जुनले भने– राजन्, साँच्चै बूढो भएपछि मान्छेको बुद्धिलाइ पनि बुढ्यौली लाग्दछ । त्यसैले तपाईंले यस्ता कुराहरू गर्दै हुनुहुन्छ । तपाईंले श्रीकृष्णलाई राम्रोसित जान्नुहुन्छ र पनि उनको र मेरो निन्दा गर्दै हुनुहुन्छ । तपाईं युद्धधर्मको ज्ञाता र समस्त धर्मको मर्मज्ञ हुनुहुन्छ तथा म पनि कुनै अधर्म गर्न सक्दिनँ–यो कुरा थाहा पाएर पनि यस्ता बेफ्वाक कुरा किन गरिरहनुभएको छ ? क्षत्रियहरूले आफ्ना भाइ, पिता, पुत्र, सम्बन्धी एवं बन्धु–बान्धवसहित नै शत्रुको साथ संग्राम गर्ने गर्दछन् । यस्तो स्थितिमा आफ्नो शिष्य र सम्बन्धी सात्यकिको रक्षा किन नगर्ने ? सात्यकि त मेरो दाहिने हात समान हुन् र आफ्नो प्राणको पनि पर्वाह नगरेर मेरोलागि युद्ध गरिरहेका छन् । संग्रामभूमिमा केवल आफ्नो मात्र रक्षा गर्नुहुँदैन, बरु आफ्नोलागि जो युद्ध गरिरहेको हुन्छ, त्यसको रक्षाको ध्यान पनि अवश्य राख्नुपर्दछ । त्यस्तो मानिसको रक्षा भएमा मात्र संग्राममा राजाको पनि रक्षा हुन्छ । यदि मैले संग्रामभूमिमा सात्यकिलाई मरिरहेको हेरेर मलाई पाप लाग्नेथ्यो, त्यसैले मैले सात्यकिको रक्षा गरेको हुँ । अर्कासित युद्धमा लागिरहेको बेला मैले तपाईंलाई धोका दिएँ भनेर तपाईंले मेरो निन्दा गरिरहनुभएको छ, यो तपाईंको बूढो बुद्धिको भ्रम हो । जतिबेला आफ्नो र शत्रुपक्षको सबै योद्धा युद्ध गरिरहेकै बेला तपाईं सात्यकिसित गई भिड्नुभएको थियो, त्यसै बेला त मैले यस्तो कर्म गरेको छु । अनि यस सैन्य समुद्रमा एउटा योद्धा एउटै योद्धाको साथमा संग्राम गर्नु कसरी सम्भव छ ? तपाईंले त आफ्नै निन्दा गर्नुपर्ने हो, किनकि जब आफ्नो रक्षा आफैंले गर्न नसक्नेले आफ्ना आश्रितको रक्षा कसरी गर्न सक्छ ?


अर्जुनले यस्तो भनेपछि भूरिश्रवाले सात्यकिलाई छाडेर आमरण उपवास गर्ने व्रत लिए । उनले देब्रे हातले बाण ओछ्याएर ब्रह्मलोकमा जाने इच्छाले प्राणलाई वायुमा, नेत्रलाई सूर्यमा र मनलाई स्वच्छ जलमा होम गरिदिएर महोपनिषद्संज्ञक ब्रह्मको ध्यान गर्दै योगयुक्त भएर उनले मुनिव्रत धारण गरे । यतिबेला सेनाका जम्मैजना श्रीकृष्ण र अर्जुनको निन्दा गर्न थाले, तर भूरिश्रवाले आफ्नो मुखबाट कुनै पनि किसिमको अप्रिय वचन बोलेनन् तथापि अर्जुनलाई उनको र आफ्नो कुरा सहन हुन सकेन । अर्जुनले कुनै पनि किसिमको क्रोध प्रकट नगरेर भने– मेरो यस व्रतबारे यहा सबैलाइ थाहा छ कि यदि कोही हाम्रो पक्षको मानिस मेरो बाणको पहुँचमा छ भने कसैले पनि उसलाई मार्न सक्दैन । भूरिश्रवाजी, मेरो यस नियमबारे विचार गरेर मेरो निन्दा गर्नु उचित हुँदैन । धर्मको मर्म नजानेर कसैले पनि अर्काको निन्दा गर्नुहुँदैन । मैले तपाईंको सशस्त्र भुजालाई काटेर कुनै अधर्म गरेको होइन । बालक अभिमन्युको हातमा न त कुनै हतियार थियो, न कवच र रथ पनि नष्ट भइसकेको थियो र पनि तपाईंहरूले मिलेर उसलाई मारिदिनुभएको थियो । यस कुकर्मलाई कुन धर्मात्मा पुरुषले राम्रो भन्नेछ ? अर्जुनको यस्तो कुरा सुनेर भूरिश्रवा त्यही निहुरमुन्टो लगाएर बसिरहे । क्रमशः...

# जुन्काउ प्रविधि

**डा. जयकान्त राउत**

**परिचय**

जुन्काउ प्रविधि एउटा अत्यन्त उपयोगी चिनियाँ कृषि प्रविधि हो । जुन्काउ प्रविधि जुन्काउ घाँसको धूलोसँग उचित मात्रामा गहुँ/चामल/मकै आदिको चोकर मिसाएर विभिन्न प्रकारका खाद्य तथा औषधीय च्याउको खेती गर्ने प्रविधिको बृहत् शृङ्खला हो । यो प्रविधि ८० को दशकमा चीनको फुजियान कृषि तथा वन विश्वविद्यालयको जुन्काउ अनुसन्धान केन्द्रमा विकास भएर विश्वका अन्य भागमा फैलिएको हो ।




यो प्रविधि रोजगार सृजना, गरीबी निवारण, खाद्य एवं पोषण सुरक्षालगायत पर्यावरणीय सुरक्षाको लागि कोसेढुङ्गा मानिन्छ । जापान, पपुवा न्यूगिनी, दक्षिण अफ्रिका, रूवान्डा, मलेशिया, फिजी, लेसोथो जस्ता मुलुकहरूमा यो प्रविधिको पूर्णरूपमा स्थापना भइसकेको छ भने ८७ भन्दा बढी मुलुकका आठ हजारजनाभन्दा बढी मानिसले तालीम प्राप्त गरी स्थानीय अर्थतन्त्र र सामाजिक विकासमा सहयोग गरिरहेका छन् ।

**जुन्काउ प्रविधिका विभिन्न आयामहरू**

सन् १९९४ देखि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमद्वारा जुन्काउ प्रविधिलाई अन्य विकासशील मुलुकहरूको लागि चीनको प्रमुख सहायता परियोजनाको रूपमा सिफारिश हुँदै आएको छ । चीनको वाणिज्य मन्त्रालयले पनि त्यसै वर्षदेखि प्रविधिलाई विदेशी मुलुकहरूको लागि एउटा महत्त्वपूर्ण आर्थिक सहायता परियोजनाको रूपमा अगाडि सारेको छ ।

पछिल्लो समयमा संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यले चिनियाँ राष्ट्रपति सी जिनपिङको पहलमा सन् २०१६ मा चीन–संयुक्त राष्ट्र शान्ति तथा विकास कोषको स्थापना भएको हो । कोषको उद्देश्य विकासोन्मुख तथा विकासशील मुलुकहरूमा वैज्ञानिक प्रविधिको नवीनतम खोज अनुसन्धान तथा नवप्रवर्तनको माध्यमबाट संयुक्त राष्ट्रसङ्घको कार्यमा सहयोग गर्ने रहेको छ । कोषकै प्रायोजनमा संयुक्त राष्ट्र आर्थिक र सामाजिक मामिला विभाग (UN DESA), फुजियान कृषि तथा वन विश्वविद्यालयको जुन्काउ अनुसन्धान केन्द्रको सहकार्यमा विश्वका विकासोन्मुख तथा विकासशील राष्ट्रहरूमा जुन्काउ प्रविधिको प्रयोग गरी गरीबी उन्मूलन, खाद्य एवं पोषण सुरक्षालगायत पर्यावरणीय सुरक्षा र दिगो कृषिको लागि SDG परियोजनाको थालनी गरेको छ । परियोजनाको मुख्य उद्देश्य विकासोन्मुख तथा विकासशील मुलुकहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि, आय सृजना र उद्यमशीलतालाई बढावा दिनको लागि आफ्नो नीति र कार्यक्रमहरूलाई सुधार गर्दै राष्ट्रिय क्षमतालाई सुदृढ पार्नुका साथै SDGs हासिल गर्ने वैश्विक अभियानमा सहयोग गर्ने रहेको छ ।

जुन्काउ प्रविधि गरीबी निवारण, खाद्य एवं पोषण सुरक्षा, रोजगार प्रवर्द्धन, भू तथा जलाधार संरक्षण, जैविक विविधता पुनर्स्थापना, जलवायु परिवर्तन अनुकूलनसहित SDGs कार्यान्वयनमा अत्यन्त उपयोगी प्रविधि रहेको भन्ने यस प्रविधि प्रयोग गरेका विश्वका कैंयन देशहरूको अनुभवबाट देखिन्छ ।

**नेपालमा यसको आवश्यकता र उपादेयता**

च्याउ क्षेत्र अत्यन्त नाफामूलक, छोटो समयभित्र प्रतिफल प्राप्त गर्न सकिने, रोजगारमैत्री कृषि व्यवसाय हुनुका साथै खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले प्रचुर सम्भावना बोकेको क्षेत्र हो । च्याउ उत्पादन महिलामैत्री भएको हुनाले महिलाले आफ्नो घरको कामकाजको अतिरिक्त फुर्सदको समयमा सजिलैसँग यो व्यवसाय सञ्चालन गरी थप आय आर्जन गर्दै समाजमा आफ्नो छुट्टै पहिचान कायम गर्न सफल हुने देखिन्छ । प्रोटीनको कमीले हुने कुपोषणको कारण नेपाल जस्तो अल्प विकसित मुलुकमा मृत्युदर उच्च रहेको छ । तीव्ररूपमा भइरहेको जनसङ्ख्या वृद्धिको कारण प्रोटीनको आवश्यकता पूर्ति गर्न ठूलो चुनौती बन्दै गएको छ । यसै परिप्रेक्ष्यमा विश्व खाद्य सङ्गठन (FAO)ले च्याउलाई वैकल्पिक प्रोटीनको स्रोतको रूपमा सिफारिश गरेको छ । हालसम्म उपलब्ध कृषि प्रविधिहरूमध्ये च्याउ उत्पादन प्रविधिको माध्यमबाट प्रतिएकाइ समय र क्षेत्रमा सबैभन्दा बढी प्रोटीन उत्पादन गर्न सकिन्छ । आधुनिक विज्ञानले च्याउलाई प्रशस्त प्रोटीन, भिटामिन र खनिज तत्त्वको साथसाथै शून्य कोलेस्ट्रोल र न्यून क्यालोरी भएको एउटा स्वस्थ र पोषिलो खाद्यपदार्थको रूपमा प्रमाणित गरिसकेको छ । नेपालमा जनसङ्ख्याको ठूलो हिस्सा न्यून आय स्रोत, धार्मिक वा अन्य कारणबाट एनिमल प्रोटीनको पहुँचमा नभएको अवस्थामा च्याउले जनस्वास्थ्यमा उल्लेखनीय प्रभाव पार्ने देखिन्छ ।

नेपालमा च्याउको कृत्रिम उत्पादनको थालनी गरेको चार दशक नाघिसक्दा पनि उत्पादन र उत्पादकत्व सन्तोषजनक छैन । हालको उत्पादनले आन्तरिक मागलाई समेत पूर्ति गर्न सकेको अवस्था छैन । उत्पादन प्रणाली मुख्यतया कन्ये र गोब्रे च्याउमा सीमित रहेको देखिन्छ । च्याउ तथा च्याउजन्य उत्पादनको आयात बढ्दो छ । समग्रमा राष्ट्रिय च्याउ उद्योग शैशव अवस्थामैं रहेको पाइन्छ । पर्याप्त वैज्ञानिक अध्ययन–अनुसन्धान, दक्ष जनशक्ति, ठाउँ सुहाउँदो उन्नत खेती प्रविधिका अभाव आदि यसका केही प्रमुख कारणहरू हुन् । खेतीको लागि प्रयोग हुने कच्चा पदार्थ (सब्स्ट्रेट) नेपाली च्याउ उद्योगको विकास र विस्तारमा अर्को प्रमुख समस्या हो । नेपालमा च्याउको खेती शुरूदेखि नै पराल र काठमा आधारित छ । पराल पशु आहारको एक प्रमुख घटक हो र पशुपालन व्यवसायसँग प्रतिस्पर्धा गर्नुपर्दा यसको मूल्य निकै बढ्न गएको छ । त्यसैगरी, वनको कडा नियम तथा अधिनियमका कारण उत्पादकहरूको खेती स्थलमा काठको उपलब्धता सहज छैन । त्यसैले च्याउ उद्योगलाई अधिक प्रतिस्पर्धी बनाउन सब्स्ट्रेटको विविधीकरण गर्न नितान्त आवश्यक छ । यस सन्दर्भमा नेपाली च्याउ उद्योगमा घाँसमा आधारित प्रविधि (जुन्काउ प्रविधि जो दिगो र पर्यावरणमैत्री छ)को उपयोग सबैभन्दा राम्रो विकल्प हुनेछ ।

उन्नत एवं वैज्ञानिक प्रविधिको अभावमा च्याउ क्षेत्रको उत्पादन र उत्पादकत्व दुवै अत्यन्तै न्यून रहेको वर्तमान अवस्थामा जुन्काउ प्रविधिले निर्वाहमुखी च्याउ उत्पादन संरचनालाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्न सहयोग गर्नुको साथै गरीब तथा सीमान्तकृत घरधुरीहरूको पोषण स्थितिमा सुधार ल्याउने र खाद्य एवं जीविकोपार्जनको सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । सन् २०३० सम्म गरीबी, खाद्य एवं पोषण सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य हासिल गर्न नेपालले लागू गरेको गरीब तथा सीमान्तकृत घरधुरीहरूको पोषण स्थितिमा सुधार ल्याउन र खाद्य एवं जीविकोपार्जनको सुरक्षा सुनिश्चित गर्न खाद्य तथा पोषण सुरक्षा कार्ययोजना (२०१३–२०२२), सन् २०२५ को अन्त्यसम्ममा आम जनताको खाद्य अधिकार सुनिश्चित गर्दै नेपाललाई भोकमरी तथा कुपोषणमुक्त बनाउने उद्देश्य राखी शून्य भोकमरी राष्ट्रिय कार्ययोजना (२०१६–२०२५), पोषणयुक्त खाद्य तथा तरकारी बाली उत्पादनमा वृद्धि गर्दै खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्न कृषि विकास रणनीति (२०१५–२०३५), त्यस्तै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्न कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी आधारभूत खाद्यवस्तुको आपूर्ति बढाइ खाद्य तथा पोषण उपभोगको स्थितिमा सुधार ल्याउन १५औं योजना (आव २०७६/७७–२०८०/८१)को सफल कार्यान्वयनमा प्रविधि सहयोगी हुने देखिन्छ ।

**प्रविधि भित्र्याउन हालसम्म भएका प्रयास र प्रगति**

सन् २०१४ मा नास्टमा आयोजित च्याउको गोष्ठीमा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा प्रविधिबारे कार्यपत्र प्रस्तुत भएपश्चात् नास्टका वैज्ञानिकहरूद्वारा नेपालमा प्रविधि भित्र्याउन पहल थालिएको छ । सर्वप्रथम चीनको फुजियान कृषि तथा वन विश्वविद्यालयको जुन्काउ अनुसन्धान केन्द्रमा सम्पर्क गरी विस्तृत जानकारी प्राप्त गरिएको थियो । सन् २०१९ मा चीनको फुजाउमा आयोजित अन्तर्राष्ट्रिय अध्ययन भ्रमणमा नास्टले तीनजना विषयविज्ञ वैज्ञानिकहरूको टोली सहभागी गराएर प्रविधिबारे थप खोज अनुसन्धान गरेको थियो । त्यसपछि अक्टोबर १८, २०१९ मा प्रविधि ट्रान्सफर र सहकार्यका लागि फुजियान कृषि तथा वन विश्वविद्यालय र नास्टबीच चीनको फुजाउमा द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको थियो । स्थानीयस्तरमा यस प्रविधिको परीक्षण गरी उपयोग गर्न नास्टले प्रारम्भिक चरणमा प्रदेश नं २ को सुरुङ्गा नगरपालिका (सप्तरी) र गण्डकी प्रदेशको सिरानचोक गाउँपालिका (गोरखा)मा वैज्ञानिक गाउँ कार्यक्रम अन्तर्गत स्थानीय सरकारसँगको सहकार्यमा परीक्षण स्थलको छनोटसमेत गरेर हालै शुरू भएको दोस्रो चरणको युएन जुन्काउ परियोजना अन्तर्गतको प्रविधि नेपालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय हुँदै परराष्ट्र मन्त्रालयबाट संयुक्त राष्ट्र आर्थिक तथा सामाजिक मामिला विभागमा आशयपत्र पठाउने प्रक्रिया अघि बढाइएको छ ।

(लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का वरिष्ठ वैज्ञानिक अधिकृत हुन् ।) स्रोतः विज्ञान लेखमाला

लघुकथा

# आत्मनिर्भर

**- समीर पाखिन**

वीणालाई कम पढेकी, दाइजो गतिलो ल्याउन नसकेकी, आमालाई छोरी बोझ भएको भन्दै सासूससुरालगायत जेठानी, देउरानीसमेतले मानसिक यातना दिने गरेका थिए ।

ऊसित सहनुको विकल्प थिएन । लोग्ने दुर्घटनामा परी अस्पताल भर्ना भएको कतारसँगै गएको उदयको साथीले खबर दिएपछि त झन् वीणामाथि पारिवारिक प्रताडना दोब्बर बढेको थियो ।

बहिनीले हुनसम्मको दुःख पाएको थाहा पाएपछि वीणाका दाइ आएर एकदिन बहिनी र पाँच वर्षकी भान्जीलाई घर लिएर गए ।

दिन बित्दै जाँदा वीणा गाउँपालिकामा सञ्चालित तीन महीने सिलाइकटाइ तालीममा सहभागी भईन् । आठ कक्षासम्म पढेकी वीणाले तालीम जीवननिर्वाहको राम्रो विकल्प हुने देखेर खूबै मिहेनतका साथ तालीम पूरा गरिन् ।

तालीम सकेपछि गाउँपालिकाले सबैलाई सहुलियत ऋणमा सिलाइ मेशिन उपलब्ध गरायो । वीणालगायत गाउँका अन्य तीनजना मिलेर सामूहिक लगानीमा नजीकैको बजारमा टेलरिङ पसल सञ्चालन गरे ।

दिनहरू बित्दै गए । अहिले भने वीणा आत्मनिर्भर बन्दै गइन् ।

०००

वीणाका पति अस्पतालबाट छुटे पनि राम्रोसँगले हिंड्डुल गर्न सक्ने अवस्थामा थिएनन् । यसैले कम्पनीले उसलाई केही रुपियाँ उपदान दिएर घर पठाइदियो ।

कमाइ गर्न गएको छोरो रित्तो हात घर फर्केको देखेर उदयका आमाबुबा झन् दिक्क मान्न थाले । सगोलमा बसेका दाइभाइ र उनीहरूका पत्नीहरूको आँखाको छारो बन्दै गयो उदय । सबैकुरा सुनेपछि वीणा उदयलाई लिन आइन् ।

पसलमा बस्दाबस्दै उदयले पनि मेशिन सरसफाइ गर्न, सामान्य मरम्मत गर्न सिकेपछि उनीहरूको आम्दानी अझ बढ्न थालेको थियो । स्वरोजगारले वीणा पतिपत्नी आत्मनिर्भर बनेको कुरा गाउँदेखि सदरमुकामसम्म चर्चा र उदाहरणको विषय बन्यो । स्थानीय पत्रपत्रिका, टिभी च्यानलहरूमा समेत उनीहरूको सफलताको कथा प्रसारण भएपछि वीणाकी देवरानी, जेठानी ईर्ष्या र डाहले भुत्तुक्कै भए ।

बाल लघुकथा

# दलित

**- वैद्यनाथ श्रमजीवी**

सात वर्षका रीना र गणेश ठाकुरराम क्याम्पसको लोभलाग्दो बगैंचामा पुतलीको पछाडि दौडिरहेका थिए । यसपालि त पक्कै समात्छु भन्दै जब समाउन खोज्छ, पुतली उडिहाल्छ । पसिनाले निथ्रुक्कै भइसक्दा पनि उनीहरू हार मानेका थिएनन् । निरन्तर पुतलीको पछाडि दौडेको दौडै ।

यो सबै दौडादौड हेरिरहेकी सुन्दर चमेलीको कोपिला फूलले सोधे छ– आहा ! तिमीहरू कति सुन्दर बालबालिका । सुन्दर पुतलीको पछि भाग्दा झन् सुन्दर देखिन्छौ । आउ, मसँग बस । म पुतली समातेर दिन्छु ।

चमेलीको कुरा सुनेर गणेशले भन्यो– हामी जुम्ल्याहा दाइबहिनी हौं । हजुरलाई लागेको होला हामीले पुतली समात्न नसकेको हो । तर यो कुरा सत्य होइन । हामीले जानीजानी नसमातेको हो । गणेशको कुरा सुनेर चमेली बडो सोचमा पर्‍यो । आखिर किन यस्तो दौडादौड गरेर पनि नसमातेको होला ?

नजीकै बडो चाखले कुरा सुनिरहेको गुलाफको फूलले उनीहरूलाई सोध्यो– तिमीहरूलाई यसरी खेल्नमा के मजा आउँछ ? साह्रै गम्भीर भएर रीनाले गुलाफलाई भनी– हाम्रो बुबाआमाले भन्नुभएको छ चीजहरू जति राम्रा भएपनि हामीले छुनुहुन्न । हामीले छुँदा पाप लाग्छ रे । हामी पानी नचल्ने दलित हौं रे ।

यसपालि सयपत्री फूलले मुस्कुराउँदै सोध्यो– ल ल कसरी पाप लाग्छ कसैलाई छुँदैमा, भन त ?

फूलहरूतिर भय मिश्रित नजरले हेर्दै रीनाले भनी– हिजोकै कुरा हो । म मन्दिरमा गएको थिएँ, अनि मेरो दाइले नजीकै रहेको धारा छोएकोमा हामीलाई र हाम्रा बुबाआमालाई गाउँलेहरू मिलेर निकै कुटपिट गरेका थिए । त्यही बेला गणेशले सर्ट फुकालेर नीलडाम देखाउँदै आफूलाई कसरी विद्यालयमा भर्ना नलिएको र काकाले विरोध गर्दा उनको हत्या भएको घटना फूलहरूलाई सुनाए ।

गणेश र रीनाको कुरा सुनेर चमेली फूलले भन्यो– हामी फूलहरूलाई मात्रै मानिसहरूले आफ्नो स्वार्थको लागि कोपिलामैं टिपेर हत्या गर्छ होला भनेको त कुरा यस्तो पो रहेछ । यो पढेलेखेका विद्वान् आधुनिक सभ्य मानव समाज अझै जातपात र छुवाछूतमैं अल्झेको छ । योभन्दा बरु हामीहरू नै सभ्य छौं । हामीले कुनै फूलसँग धनी–गरीब, माथिल्लो जात/दलित जस्ता विभेद त गरेका रहेनछौं । फूलको कुरा सुनेर खोइ यी मान्छेहरूको बुद्धि फूलहरूको जस्तै कहिले होला भन्दै गणेश र रीना घरतिर लागे ।

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रसङ्घको मानव अधिकार परिषद्बाट रूस निलम्बित

वाशिङ्टन, २५ चैत/एएनआई

रूसलाई संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्बाट निलम्बन गरिएको छ। राष्ट्रसङ्घीय महासभामा मतदान हुँदा रूसका विरुद्धमा पर्याप्त मत परेकाले परिषद्बाट रूस निलम्बित भएको हो।




रूसले युक्रेनमाथि आक्रमण गरेर मानव अधिकार उल्लङ्घन गरेकाले मानव अधिकार परिषद्मा बस्न रूसलाई दिन नहुने भन्दै रूसलाई निलम्बन गरिएको जनाइएको छ।

महासभामा भएको मतदानमा रूसलाई निलम्बन गर्नुपर्ने पक्षमा ९३ मत परेको थियो भने विपक्षमा २४ मत परेको थियो। त्यसैगरी, ५८ देश मतदानमा सहभागी भएका थिएनन्। रूसलाई मानव अधिकार परिषद्बाट निलम्बित गरिएकोप्रति अमेरिकाका राष्ट्रपति जो बाइडेनले खुशी व्यक्त गरेका छन्। उनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई एक्ल्याउनुपर्नेमा जोड दिए।

"संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्मा रूसलाई रहन नदिएकोमा मलाई अत्यन्त खुशी लागेको छ, राष्ट्रसङ्घीय महासभामा रूसविरुद्ध मतदान गर्नेहरूलाई धन्यवाद छ," राष्ट्रपति बाइडेनद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ।

परिषद्बाट रूसलाई हटाउनु अन्तर्राष्ट्रियरूपमा अर्थपूर्ण घटना भएको पनि उनले बताएका छन्।

**रूसद्वारा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को सदस्यता त्यागेको घोषणा**

जेनेभा/सिन्हवा

रूसले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषदको सदस्यता त्यागेको घोषणा गरेको छ। बिहीवार रूसी विदेश मन्त्रालयले बिहीवार एक विज्ञप्तिमार्फत सो कुराको जानकारी गराएको हो। संयुक्त राष्ट्रसङ्घीय महासभाले बिहीवार एक रिजोलुशनमार्फत रूसलाई सो परिषद्को सदस्यताबाट निलम्बन गर्ने विषयको प्रक्रिया अघि बढाएको थियो।

त्यसैले सो प्रस्ताव पारित हुनुअगावै रूसले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को सदस्यता त्याग गरेको घोषणा बिहीवार गरेको बताइएको छ। रासस

## युक्रेन सङ्कटका कारण खाद्य पदार्थको मूल्य अहिलेसम्मकै उच्च

पेरिस, २५ चैत/एएफपी

रूसले युक्रेनमा आक्रमण गरेपछि शुरू भएको युद्धका कारण विश्व बजारमा खाद्य पदार्थको मूल्य बढेर अहिलेसम्मकै सबैभन्दा धेरै भएको छ। संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको खाद्य तथा कृषि सङ्गठनले शुक्रवार दिएको जानकारी अनुसार अन्न, तरकारी, जैविक तेललगायतका पदार्थको मूल्य अत्यधिक धेरै भएको हो।




रूसले गत फेब्रुअरी २४ मा युक्रेनमाथि आक्रमण शुरू गरेको र अहिले पनि युद्ध भइरहेकोले मार्च महीनामा त्यसको असर अत्यन्त धेरै देखिएको राष्ट्रसङ्घीय अधिकारीहरूले जनाएका छन्। युद्धका कारण अन्तर्राष्ट्रिय क्षेत्रमैं पेट्रोलियम पदार्थको मूल्यमा असर परेकोले त्यसको असर खाद्य पदार्थमा पनि परेको बताइएको छ।

युद्ध नरोकिएमा यो क्रम निरन्तर बढ्दै जाने र सबैभन्दा बढी मर्का न्यून आय भएका मानिसलाई पर्ने भन्दै राष्ट्रसङ्घले चिन्ता पनि व्यक्त गरेको छ। राष्ट्रसङ्घले तत्काल युद्ध अन्त्य गरी वार्तामार्फत विवाद समाधान गर्न दुवै पक्षलाई पटक–पटक आग्रह पनि गर्दै आएको छ।

**युक्रेनको रेलवे स्टेशनमा रकेट आक्रमण, कम्तीमा २० जनाको मृत्यु**

क्रमातोस्क/एएफपी

युक्रेनको पूर्वी क्षेत्रमा रहेको रेलवे स्टेशनमा शुक्रवार रकेट आक्रमण भएको छ।

आक्रमणमा परी कम्तीमा २० जनाको मृत्यु भएको प्रत्यक्षदर्शीहरूले सञ्चारकर्मीहरूलाई जानकारी दिएका छन्।

देशको पूर्वी क्षेत्रमा पर्ने क्रमातोस्कमा घटना भएको समाचारमा जनाइएको छ।

"क्रमातोस्क रेलवे स्टेशनमा दुईवटा रकेट आक्रमण भएको छ, धेरै मानिस घाइते भएका छन्, घटनाबारेमा थप विवरण हामी सङ्कलन गर्दैछौं," रेलवे कम्पनीका प्रमुख अलेक्जेन्डर कामिशिनले सामाजिक सञ्जालहरूमा लेखेका छन्। रासस

## श्रीलङ्काको केन्द्रीय बैंकमा नयाँ गभर्नर नियुक्त

कोलम्बो, २५ चैत/एएनआई

श्रीलङ्काको केन्द्रीय बैंकको गभर्नरमा नयाँ नियुक्ति गरिएको छ। सरकारले वरिष्ठ अर्थशास्त्री डा नन्दलाल वीरासिङ्घेलाई नयाँ गभर्नर बनाएको केन्द्रीय बैंकले जनाएको छ। सरकारले उनीसँगै के एमएम सिरिवार्धनालाई अर्थ मन्त्रालयको नयाँ सचिवको जिम्मेवारी दिएको छ। उनीहरूलाई राष्ट्रपति गोटाबाय राजापाक्षेले बिहीवार नियुक्तिपत्र दिएका थिए।



श्रीलङ्काको केन्द्रीय बैंकको गभर्नरमा नियुक्त डा नन्दलाल वीरासिङ्घे (बायाँ)। तस्वीर: सिन्हवा

गभर्नरमा नियुक्त वीरासिङ्घे कोलम्बो विश्वविद्यालयमा कार्यरत थिए। अर्थशास्त्रमा गहिरो अध्ययन गरेका उनले अर्थशास्त्रसम्बन्धी अनुसन्धान र अध्यापन पनि गर्दै आएका छन्। उनी मलेशियाको वियसान केन्टरमा पनि आवद्ध छन् भने अस्ट्रेलियाको राष्ट्रिय विश्वविद्यालयमा सार्वजनिक नीति र व्यावहारिक अर्थतन्त्र विश्लेषण केन्द्रको सल्लाहकार समिति सदस्य छन्।

त्यसैगरी, अर्थ सचिवमा नियुक्त सिरिवर्धनाले अन्तर्राष्ट्रिय वित्तीय कोषको तर्फबाट श्रीलङ्का, भारत, बङ्गलादेश र भुटानका लागि वैकल्पिक निर्देशकको रूपमा काम गरेका थिए। उनले श्रीलङ्काको आर्थिक विभागको महानिर्देशकको रूपमा समेत अर्थतन्त्रमा योगदान गरिसकेका छन्। राष्ट्रपति राजापाक्षेले यसअघि गत बुधवार अर्थशास्त्री तथा विज्ञहरूलाई सहभागी गराएर सल्लाहकार समूह गठन गरेका थिए। श्रीलङ्कामा अहिले आर्थिक सङ्कटसँगै राजनीतिक सङ्कट पनि उत्पन्न भएको छ। तत्कालीन मन्त्रीहरूले राजीनामा दिएका छन् भने आम नागरिक आन्दोलनमा छन्। रासस

## निर्वाचन आचारसंहिता आजैदेखि कार्यान्वयनमा

काठमाडौं, २५ चैत/रासस

आगामी वैशाख ३० गते शुक्रवार हुने स्थानीय तह निर्वाचनका लागि सबै राजनीतिक दल र सरोकारवालाको सुझाव तथा परामर्शमा स्वीकृत गरिएको निर्वाचन आचारसंहिता, २०७८ शुक्रवारदेखि लागू भएको छ।




निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित बनाउन आचारसंहिता लागू गरिएको हो। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गरी नागरिकलाई मताधिकारको निर्बाध उपयोग गर्ने अवसर सिर्जना गर्न आह्वान गरे।

आयोगद्वारा आज आयोजित पत्रकार सम्मेलनमा उनले निर्वाचनलाई स्वच्छ र स्वतन्त्र तुल्याउन प्राप्त हुने सबैखाले सुझावलाई सकारात्मकरूपमा ग्रहण गर्ने बताए। प्रमुख आयुक्त थपलियाले भने, "निर्वाचनमार्फत लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याउनेतर्फ हाम्रा सबै प्रयास केन्द्रित गर्न आयोग हार्दिक आग्रह गर्दछ।"

निर्वाचन आचारसंहिताको पूर्ण पालनाविना विश्वसनीय निर्वाचन हुन सक्दैन भन्ने तथ्यलाई आत्मसात् गरी खर्चिलो र भड्किलो बन्दै गएको निर्वाचन खर्चलाई नैतिकता र इमानदारीको अभ्यास, स्वनियन्त्रण पद्धतिको अनुसरण र सामाजिक सचेतनाको प्रयासबाट निस्तेज गर्ने विषयमा साझा सङ्कल्प र इमानदार प्रयत्न आवश्यक रहेको आयोगले जनाएको छ।

आयोगको विज्ञप्तिमा भनिएको छ, "निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनको सङ्कल्प पूरा गर्न सबैको सहयोग रहने कुरामा आयोग विश्वस्त छ।" निर्वाचन बालिग मताधिकारका आधारमा प्रतिनिधि छान्ने प्रक्रिया मात्र नभई जनतालाई सशक्त तुल्याउने लोकतन्त्रको मेरुदण्ड पनि हो। निर्वाचन जति खर्चिलो र भड्किलो बन्दै जान्छ, त्यति नै आस्था, निष्ठा, विचार र सिद्धान्त पराजित बन्न सक्ने खतरा बढ्न थाल्छ भन्ने आम चासो र चिन्ता व्यापक बन्दै गएको आयोगले जनाएको छ।

विगतका निर्वाचनसम्बन्धी तथ्य र अनुभवका आधारमा निर्वाचन व्यवस्थापनमा सुधार गर्नुपर्ने विभिन्न क्षेत्रमध्ये आचारसंहिताको पालना र कार्यान्वयन एक महत्त्वपूर्ण क्षेत्र भएको आयोगले उल्लेख गरेको छ। निर्वाचन आचारसंहितालाई पालना गर्न निर्वाचन तथा मतगणनामा खटिने कर्मचारी, राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले निर्वाचनको कार्यमा खटिंदा अनुसूचीबमोजिमको प्रतिबद्धतापत्रमा दस्तखत गर्नुपर्ने नयाँ व्यवस्था गरिएको छ।

आचारसंहिताको प्रयोग कानूनभन्दा माथि हुने हुँदा राजनीतिक दल र उम्मेदवारलगायत अन्य सबै निर्वाचन सरोकारवालाले आचारसंहिताको पूर्णपालना गर्नेमा आयोग विश्वस्त रहेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए।

आचारसंहिताको उल्लङ्घन भएमा हुने कारबाहीका विषयमा उपलब्ध स्रोतसाधन र जनशक्तिको उपयुक्त सम्भावित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन र नियन्त्रण गर्न विज्ञ सम्मिलित कार्यदल क्रियाशील रहने सो अवसरमा जानकारी दिइयो।

## वैशाख २ गतेदेखि अनलाइनबाटै संस्थागत श्रम स्वीकृति

काठमाडौं, २५ चैत/रासस

वैदेशिक रोजगार कार्यालय काठमाडौंले संस्थागत श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्र जारी हुने व्यवस्था गरेको छ। आगामी वैशाख २ गतेदेखि अनलाइन प्रणालीबाट मात्र संस्थागत श्रम स्वीकृति दिने निर्णय गरिएको कार्यालय प्रमुख रमेश अर्यालले जानकारी दिए।

कार्यालयले पुनः श्रम स्वीकृति, संस्थागत श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिको काम गर्दै आएको छ। संस्थागत श्रम स्वीकृतिका लागि म्यानपावर व्यवसायी वा उनीहरूका प्रतिनिधि कार्यालय आउने गरेकामा यो व्यवस्थासँगै कार्यालयमा भौतिक उपस्थितिबिना नै संस्थागत श्रम स्वीकृतिको व्यवस्था गरिएको हो।

कार्यालयले गत माघदेखि अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृति दिंदै आएको छ। पुनः श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्र हुन थालेसँगै दैनिक एक हजारभन्दा धेरै सेवाग्राहीले कार्यालयमा उपस्थित नभई अनलाइनबाटै सेवा लिंदै आएका छन्।

श्रम मन्त्रालयले श्रम स्वीकृतिलाई फेसलेस, पेपरलेस र क्यासलेस बनाइ छिटो, छरितो र पारदर्शीरूपमा सेवाप्रवाह गर्न अनलाइन प्रणाली कार्यान्वयनमा ल्याइएको जनाएको छ। वैदेशिक रोजगारमा जाने श्रमिकलाई सहज र सरल तरीकाबाट सेवा प्रदान गर्ने नीति अनुसार अनलाइन प्रणालीबाट श्रम स्वीकृति दिने व्यवस्था मिलाइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठको भनाइ छ।

आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरीकाबाट छिटो–छरितोरूपमा गुनासोरहित सेवा प्रदान गर्न मन्त्रालयले दिएको निर्देशनानुसार पुनः श्रम स्वीकृतिसँगै संस्थागत श्रम स्वीकृतिको काम पनि अनलाइन प्रणालीबाट गर्न लागिएको कार्यालय प्रमुख अर्यालको भनाइ छ। कागजात जाँच गर्न समय लाग्ने तथा कहिलेकाहीं सर्भरको समस्या हुन सक्ने भएकाले तीन दिनअघि नै संस्थागत श्रम स्वीकृतिका लागि अनलाइनमा आवेदन दिन इजाजत पत्रवाला म्यानपावर कम्पनी र सरोकारवालालाई कार्यालयले अनुरोध पनि गरेको छ।

## ब्युटिशियन तालीम समापन

प्रस, बिरुवागुठी, २५ चैत/




पर्सागढी नगरपालिकाको सहयोग र दूधेश्वर महादेव मल्टिपर्पोज प्रालि, पर्साको आयोजनामा पालिकास्तरीय २५ दिने ब्युटिशियन तालीम शुक्रवार सम्पन्न भएको छ। तालीममा विभिन्न वडाका महिलाहरूको सहभागिता थियो।

कार्यक्रमका प्रमुख अतिथि पर्सागढी नगरपालिकाकी उपप्रमुख अर्चना चौधरीले नगरपालिकाले 'सीप सिकौं, रोजगार बनौं' अभियान अगाडि बढाएको बताइन्। उनले बेरोजगार महिलालाई रोजगार बनाउन ब्यूटिशियन तालीम आयोजना गरिएको बताइन्।

तालीममा सृष्टि खवास चौधरी र कृष्णाकुमारी बस्नेतले प्रशिक्षण दिएका थिए। उपप्रमुख चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको अध्यक्षता संस्थाका प्रतिनिधि प्रमोदप्रसाद यादवले गरेका थिए। कार्यक्रममा स्वागत पत्रकार बलिरामकुमार शुक्लाले गरेका थिए।

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**वीरगंज महानगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

यस महानगरपालिका अन्तर्गत यस आर्थिक वर्षमा तिनुपर्ने एकीकृत सम्पत्ति कर तथा व्यवसाय नवीकरण गर्दा यही चैत मसान्तसम्म ५ प्रतिशत छुट प्रदान गरिएको सम्पूर्ण करदाताहरूलाई सूचित गरिन्छ।

**आजको राशिफल**

| | | | |
|---|---|---|---|
| मेष | राज्यलाभ | वृष | धनलाभ |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | आरोग्यता | कन्या | पदोन्नति |
| तुला | ईश्वरभक्ति | वृश्चिक | कष्टानुभूति |
| धनु | नारीसुख | मकर | धनलाभ |
| कुम्भ | प्रसन्नता | मीन | वाहनकष्ट |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# रौनियारले दिएको रिट सर्वोच्चद्वारा खारेज, चुनाव लड्न नपाउने

प्रस, वीरगंज, २५ चैत/

पप्पु कन्स्ट्रक्शनका सञ्चालक तथा निलम्बित सांसद हरिनारायण रौनियारले चुनाव लड्न नपाउने भएका छन् । उनले चुनाव लड्न अग्राधिकार प्राप्तिको लागि दिएको रिट सर्वोच्च अदालतले खारेज गरिदिएपछि उनी चुनाव लड्न नपाउने भएका हुन् । सर्वोच्च अदालतमा गत चैत २१ गते परेको रिट कायममुकाय प्रधानन्यायाधीश दीपकुमार कार्कीको एक नम्बर इजलासले खारेज गरेको छ । हरिनारायण रौनियार २०७४ को निर्वाचनमा पर्सा क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

यसअघि, रौनियारले २०७५ र २०७७ मा आफ्नो निलम्बन फुकुवा गर्न माग गर्दै सङ्घीय संसद् सचिवालयमा निवेदन दर्ता गराएका थिए । तर सचिवालयले सम्बन्धित निकायबाट भ्रष्टाचार नगरेको प्रमाणित नभएको भन्दै फुकुवा गरेको छैन ।

चुनाव जितेको एक वर्ष नबित्दै सांसद रौनियार १९ असोज, २०७५ देखि निलम्बित भएका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेपछि उनी स्वतः निलम्बित भएका थिए ।

रौनियारको पप्पु कन्स्ट्रक्शनले बर्दियाको जबदीघाटमा बबई नदीमाथि बनाएको पुल भत्किएपछि अख्तियारले उनीविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी ऐनको दफा १७ मा सार्वजनिक पद धारण गरेको व्यक्तिलाई भ्रष्टाचार आरोपमा मुद्दा चलेमा


निलम्बित सांसद हरिनारायण रौनियार

उक्त मुद्दा किनारा नभएसम्म स्वतः निलम्बन हुने प्रावधान छ । त्यस्तै, भ्रष्टाचार निवारणसम्बन्धी ऐनको दफा ३३ मा पनि मुद्दा दायर भएपछि सार्वजनिक पद धारण गरेको व्यक्ति स्वतः निलम्बित हुने उल्लेख छ ।

# बन्दूकको कागजात रहेको ठाकुर परिवारको दाबी

प्रस, पर्सागढी, २५ चैत/

पर्सागढी नगरपालिका–८ हरपुरका प्रेम ठाकुर, रामजी ठाकुर र राहुल ठाकुरलाई दुई नाले बन्दूकसहित प्रहरीले बिहीवार पक्राउ गरेपछि उनका परिवारजनले गुनासो गरेका छन् ।

एक महीनाअघि ठाकुरले दुई नाले बन्दूकको इजाजत लिएको बताए । चुनावको बेला जिल्ला प्रहरी कार्यालय, पर्साले हातहतियार बुझाउन सूचना जारी गरेपछि ठाकुर परिवारले बन्दूक बुझाउन जिल्ला प्रशासन कार्यालय जानुअघि नै सशस्त्र प्रहरीले पक्राउ गरी कारबाई गरेको परिवारजनको आरोप छ ।

ठाकुर परिवारले भिस्वा, सबैठवास्थित कुलदेवताको मन्दिरमा पूजा गरी हतियार बुझाउन जिल्ला प्रहरी कार्यालय गइरहेको अवस्थामा इटियाई सशस्त्र बेस क्याम्पले पक्राउ गरी प्रहरीलाई बुझाएको ठाकुर परिवारले बताएको छ । सशस्त्र प्रहरीलाई बन्दूकको कागजात रहेको बताउँदा पनि कुनै सुनवाइ नगरेको ठाकुर परिवारको भनाइ छ । उनीहरूले घटनाको सत्यतथ्य छानबीन गर्न माग गरेका छन् ।


## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेला ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियार रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# चैती छठ समापन

प्रस, पर्सागढी २५ चैत/

हिन्दूहरूको महान् पर्व चैती छठ शुक्रवार सम्पन्न भएको छ । बुधवारदेखि शुरू भएको पर्व आज बिहान सूर्यलाई अर्घ्य दिएर सम्पन्न भएको हो ।

बिहीवार अस्ताउँदो सूर्यलाई र शुक्रवार उदाउँदो सूर्यलाई अर्घ्य दिएर चैती छठ सम्पन्न भएको हो । बुधवार बिहान छठ गर्नेहरूले नजीकका नदी, पोखरी, धारामा नुहाएर भोकै बसी बेलुका रसियाव रोटी खाएका थिए भने बिहीवारदेखि अन्न–पानी नखाइ व्रत बसेका थिए ।

चैती छठ कात्तिक महीनामा मनाइने छठजस्तो भव्य हुँदैन । कात्तिक महीना चीसोको समय हुन्छ र दिन सानो हुने भएकोले भोक/तिर्खा सहन सकिन्छ तर चैत महीनामा गर्मी बढी हुने, दिन लामो हुने भएकोले तिर्खा र भोक बढी लाग्छ । त्यस कारण धेरैजसो व्रतालुले कात्तिक महीनामा छठ मनाउने गर्छन् ।

# खेलकूदको संसार

## अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको उद्घाटन

प्रस, वीरगंज, २५ चैत/

मधेस प्रदेशका ऊर्जा तथा खानेपानी मन्त्री ओमप्रकाश शर्माले अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको उद्घाटन गरेका छन् ।



तस्वीरः प्रतीक

शुक्रवारदेखि वीरगंज नगर सभागृहमा शुरू भएको प्रतियोगितामा सातवटै प्रदेशबाट सात समूह, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरीको एपिएफ क्लब र नेपाल पुलिस क्लब तथा भारत र बङ्गलादेशका गरी १७ वटा टीमको प्रतियोगितामा सहभागिता रहने आयोजकले जनाएको छ ।

पर्सा जिल्ला तेक्वान्दो सङ्घका अध्यक्ष गणेशमान श्रेष्ठका अनुसार प्रतियोगितामा ४१ देखि ७४ किलो तौल समूहमा खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा खेलाडी, रेफ्री र प्रशिक्षक गरी करीब तीन सयजनाको सहभागिता रहेको सङ्घका वरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक वीरेन्द्र पटेलले जानकारी गराए । आगामी १४औं साग खेलकूद प्रतियोगिता र इन्डोनेशियामा हुने १९औं एशियन खेलकूद प्रतियोगितालाई मध्यनजर गर्दै वीरगंजमैं अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

उद्घाटन कार्यक्रममा मधेस प्रदेशसभाका सदस्य राजेश्वर साह तेली, पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, डा दीपक शाक्य, वडाध्यक्ष रामनगीना साह कानू, नेता शिव पटेललगायतले मन्तव्य राखेका थिए ।

## सान्तोषमान स्मृति बुद्धिचाल शुरू

प्रस, काठमाडौं, चैत २५ गते/

नेपाल बुद्धिचाल सङ्घका पूर्व सहअध्यक्ष स्व सान्तोषमान सिंह प्रधान स्मृति खुल्ला फिडे रेटिङ बुद्धिचाल प्रतियोगिता शुक्रवारदेखि शुरू भएको छ ।




शुक्रवार पहिलो र दोस्रो चरणका खेलहरू सम्पन्न हुँदा फिडेमास्टर रूपेश जैसवाल, क्षितिज भण्डारी, मनीष हमाल, पूर्व नेपाल च्याम्पियन बद्रीलाल नेपाली, ललितपुरका सजिन महर्जन, सानुभाइ महर्जन, रत्न व्यञ्जनकार, काभ्रेका खोमप्रसाद तिमल्सिना, बुटवलका शिखर रेग्मी, भक्तपुरका भेट्रान गणेशमान दुवाल, युवा खेलाडी निकेन कुसाथा, हेटौंडाका कृष्ण थापा, दमक झापाका राजन सुवेदी, थापाथली चेस पार्कका मदन रायमाझी, धीरेन राई, कञ्चनपुरका भीमदत्त पाण्डेले दुवै खेल जितेर दुई अङ्क जोडेका छन् ।

चार दिने प्रतियोगितामा विजेताले ५१ हजार एक सय, उपविजेताले ३० हजार तीन सय र तेस्रो हुनेले २० हजार दुई सय नगद पुरस्कार प्राप्त गर्नेछन् ।

ललितपुर स्पोर्ट्स क्लबद्वारा आयोजित प्रतियोगिताको कुल नगद पुरस्कार दुई लाख ३९ हजार छ सय रहेको छ ।

राष्ट्रिय खेलकूद परिषद्को सेमी कभर्ड हलमा सञ्चालित खेलमा ४० जिल्लाका १०१ जना खेलाडी सहभागी छन् ।

# बालक अपहरण गरी मार्ने सातजना पक्राउ

सर्लाही, २५ गते/रासस

जिल्ला प्रहरी कार्यालय, सर्लाहीले बालक अपहरण गरी बन्धक बनाइ कर्तव्य गरी मारेको घटनामा संलग्न सातजना अभियुक्तलाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

यही चैत २० गते राति जिल्लाको मलङ्गवा नगरपालिका–१२ गम्हरियाका दीपेन्द्र ठाकुरका छोरा अन्दाजी आठ वर्षका आकाश ठाकुरलाई अपहरण गरी बन्धक बनाइ कर्तव्य गरी मारेको घटनामा संलग्न रहेका सातजना अभियुक्तलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रवीण पोखरेलले जानकारी दिए ।

आफ्नै घरबाट हराएका बालकको खोजी गर्ने क्रममा छिमेकीको शौचालयको सेप्टिक टङ्कीभित्र प्लास्टिकको बोरामा शव फेला परेपछि अनुसन्धान गरेको सर्लाही प्रहरीले फेसबूक म्यासेन्जरबाट आकाशका आफन्तसँग रु १५ लाख फिरौती माग गरेको खुल्न आएकोले सो कार्यमा संग्लग्न रहेका सातजनालाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको प्रहरीले जनाएको छ ।

प्रहरीको अनुसन्धानबाट ती सातैजनाको संलग्नता रहेको खुलेपछि उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्दा उनीहरूले आकाशलाई छिमेकी जगदीश बडहीको घरको माथिल्लो तलामा लगी कर्तव्य गरी मारी शव प्लास्टिकको बोराभित्र राखी बडहीको घरको शौचालयको सेप्टिक टङ्कीभित्र हाली लुकाएको स्वीकार गरेको प्रनाउ माधवप्रसाद बुढाथोकीले जानकारी दिए ।

मलङ्गवा नगरपालिका–१२ गम्हरियाका ६० वर्षीय जगदीश बडही, २१ वर्षीय कृष्ण ठाकुर, कृष्ण ठाकुरकी पत्नी अन्दाजी १८ वर्षीया निरुता शर्मा, २५ वर्षीया सङ्गीता बडही, सुनील ठाकुर, ५० वर्षीय नेवा ठाकुर र मलङ्गवा नगरपालिका–११ का ३१ वर्षीय राकेश ठाकुरलाई पक्राउ गरिएको प्रनाउ बुढाथोकीले बताए ।

शव परीक्षणपश्चात् मृतक आकाशको शव उनका आफन्तले बुझेका थिए ।

पक्राउ परेका सातैजनालाई अपहरण तथा शरीर बन्धक बनाइ कर्तव्य ज्यान मुद्दा दर्ता गरी सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | जसपा | आमसभा | वडा नं. ५ कुम्हालटोल | ५:०० |

# जीराभवानीमा काङ्ग्रेसले घरदैलो

प्रस, सेढवा, २५ चैत/

पर्साको जीराभवानी


तस्वीरः प्रतीक

गाउँपालिकामामा नेपाली काङ्ग्रेसले घरदैलो कार्यक्रम शुक्रवारबाट शुरू गरेको छ ।

गाउँपालिकाको वडा नं २ अन्तर्गत काठमाडौंटोल र वसन्तपुरमा काङ्ग्रेसले घरदैलो सम्पन्न गरेको छ ।

कार्यक्रम अनोज चौधरीको नेतृत्वमा सम्पन्न भएको थियो । स्थानीय तहमा भएको भ्रष्टाचार, कमिशनखोरी तथा कर्मचारीहरूले निरङ्कुशतालगायतका क्रियाकलाप गरेकाले नेपाली काङ्ग्रेसको नेतृत्व आवश्यक रहेको चौधरीले बताए । अहिले जनप्रतिनिधिहरूले राजनीतिक व्यापार गरेको हुँदा आफू निर्वाचित भए राजनीतिको मुख्य उद्देश्य समाज विकासको लागि मात्रै काम गर्ने बताउँदै चौधरीले जनसमुदायसँग मत मागे । कार्यक्रममा प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरी, वडाध्यक्षका उम्मेदवार ब्रह्मानन्द चौधरीसहित सहभागी रहेको वडा नं २ का काङ्ग्रेस सभापति सरोज चौधरीले बताए ।

## लामो प्रतीक्षापछि....

भनाइ छ ।

चालू आर्थिक वर्षको बजेटमा निर्माणको मोडालिटी तय गरेर आयोजनाको काम सुरु गर्ने उल्लेख छ । त्यसको पछाडि माथिल्लो तामाकोशी आयोजना सम्पन्न भएको आत्मविश्वासले पनि काम गरेको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको ४५६ मेगावाट क्षमताको सो आयोजना लामो समय लगाएर सम्पन्न भएपनि नेपालको पूर्वाधार विकासका लागि महत्त्वपूर्ण कोसेढुङ्गाका रूपमा स्थापित भएको छ ।